# वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०८०/०८१





जिल्ला समन्वय समिति

जिल्ला समन्वय समितिको कार्यालय

खलंगा, जाजरकोट

२०८१ भाद्र




स्रोतः स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग, संघीय मामीला तथा स्थानीय विकास मन्त्रालय
तयार पार्ने: स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम ।

Projection System: MUTM, Spheroid - Everest 1830

© MOFALD 2017

# विषय सूची


| विषय | पृष्ठ संख्या |
|---|---|
| अध्याय १: परिचय | |
| १.१ जाजरकोट जिल्लाको संक्षिप्त परिचय | १ |
| १.२ जिल्ला सभा र समन्वय समितिको परिचय | २ |
| १.३ जिल्ला सभाको काम, कर्तव्य र अधिकार | ४ |
| १.४ कर्णाली प्रदेश सरकारबाट जिल्ला समन्वय समितिलाई तोकिएका जिम्मेवारीहरु | ५ |
| १.५ सभा, समिति र कार्यालयको संगठन संरचना | ५ |
| १.६ समितिको कार्यालयको दरवन्दी तेरिज | ६ |
| १.७ समिति तथा कार्यालयको भौतिक सम्पत्ति र वित्तिय अवस्था | |
| १.७.१ भौतिक सम्पत्ति | ७ |
| १.७.२ वित्तिय अवस्था | १५ |
| अध्याय २: सम्पादन गरिएका कार्यहरु | |
| २.१ वैठक तथा निर्णयहरु | २० |
| २.२ कार्यान्वयन तथा प्रगतिको समीक्षा | २१ |
| २.३ अन्तर तह तथा अन्तर निकाय समन्वय | २२ |
| २.४. वजेट तथा कार्यक्रम कार्यान्वयनको प्रगति | २२ |
| २.५ निरिक्षण तथा अनुगमन | २३ |
| २.६. निरिक्षण तथा अनुगमनको क्रममा देखिएका तथ्य र समस्याहरु | २८ |
| २.७ निरिक्षण तथा अनुगमनबाट भएका सिकाई र सुझावहरु | |
| २.७.१ आयोजना पहिचान र तर्जुमा सम्बन्धी सुझावहरु | ३२ |
| २.७.२ आयोजना कार्यान्वयन सम्बन्धी सुझावहरु | ३२ |
| २.७.३ अनुगमन तथा मूल्याङ्कन सम्बन्धी सुझावहरु | ३३ |
| २.७.४ अन्य सुझावहरु | ३३ |
| अध्याय ३: सिकाई, समस्या र सुझावहरु | |
| ३.१ जिल्ला समन्वय समितिका सिकाईहरु | ३५ |
| ३.२ जिल्ला समन्वय समितिका समस्याहरु | ३५ |
| ३.३ समस्या समाधानका लागि केही सुझावहरु | ३८ |
| अनुसूची १: जिल्ला समन्वय समितिका पदाधिकारीहरुको विवरण | ३९ |
| अनुसूची १: कार्यालयको स्वीकृत दरबन्दी र कार्यरत कर्मचारीहरुको विवरण | ४० |
| अनुसूची ३: निरिक्षण तथा अनुगमनको क्रममा खिचिएका केही तस्वीरहरु | ४१ |

# अध्याय १: परिचय

## १.१ जाजरकोट जिल्लाको संक्षिप्त परिचय

विश्व मानचित्रमा जाजरकोट जिल्ला २८°३७'२२" देखि २९°०७'२२" उत्तरी अक्षांश र ८१°४९'२२" देखि ८२°३४'४६" पूर्वी देशान्तरको वीच २२२३.३५ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको छ। यस जिल्ला समुद्र सतहबाट ६१० मीटरदेखि ५,४३५ मीटर उचाइमा रहेको छ। यस जिल्लाको पूर्वमा डोल्पा र रुकुम पश्चिम, पश्चिममा दैलेख र सुर्खेत, उत्तरमा जुम्ला र कालिकोट, दक्षिणमा रुकुम पश्चिम र सल्यान जिल्लाहरु पर्दछन्। जाजरकोट एक उच्च पहाडी क्षेत्रमा अवस्थित विविधतायुक्त धरातल भएको जिल्ला हो। यस जिल्लामा हिउँ पर्ने उच्च पहाड देखि महाभारत लेक, नदी, खोला किनारका बेसीहरु समेत रहेका छन्। जिल्लाको उत्तरी भागहरु हिउँले ढाक्ने उच्च पहाडि र ज्यादै भिरालो रहेका छन्। यस जिल्लाको अधिकांश भू-भाग वन जङ्गल, भीर, चट्टान, घाँसे मैदान तथा चरन क्षेत्रले ओगटेको छ।

यस जिल्लामा भेरी, नलसिंहगाड, छेडागाड जस्ता ठूला नदि तथा खोला र पानीको स्थायी वहाव भएका १०० भन्दा बढी साना खोला तथा नालाहरु रहेका छन्। जिल्लाको पूर्वी-दक्षिणी सिमानाबाट बगेको भेरी नदी जिल्लाको सबैभन्दा भूलो र प्रमुख नदि हो। जिल्लाका प्राय: सबै खोलाहरु जिल्लाको भेरी नदीमा मिसिन्छन्।

नेपालमा सङ्घीयता कार्यान्वयन भए पश्चात् यस जिल्लामा ७ वटा स्थानीय तहहरु रहेका छन्। जिल्लामा रहेका स्थानीय तहहरुको वडा सँख्या, क्षेत्रफल, जनसंख्या र पालिका केन्द्र सम्बन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

| सि.नं. | स्थानीय तहको नाम | वडा संख्या | क्षेत्रफल (वर्ग कि.मि.) | जनसंख्या | केन्द्र |
|---|---|---|---|---|---|
| १ | भेरी नगरपालिका | १३ | २१९.७७ | ३७८९२ | वार्ड नं.३, खलंगा |
| २ | नलगाड नगरपालिका | १३ | ३८७.४४ | २८९२२ | वार्ड नं. ७, दल्ली |
| ३ | छेडागाड नगरपालिका | १३ | २८४.२० | ३७८७७ | वार्ड नं.५, चंखिला |
| ४ | शिवालय गाउँपालिका | ९ | १३४.२६ | १४७७६ | वार्ड नं.३, ऐराली |
| ५ | बारेकोट गाउँपालिका | ९ | ५७७.५० | २२००५ | वार्ड नं.२, लिम्सा |
| ६ | कुशे गाउँपालिका | ९ | २७३.९७ | २३०५८ | वार्ड नं.५, थर्पुभार्मा |
| ७ | जुनिचाँदे गाउँपालिका | ११ | ३४६.२१ | २३७७१ | वार्ड नं. ३, पराले |
| जम्मा | | ७७ | २२२३.३५ | **१८९३६०** | |

*श्रोत: सम्बन्धित पालिकाको वेभसाइट, राष्ट्रिय जनगणना २०७८*

नोट : *राष्ट्रिय तथ्याङ्क कार्यालयको वेभसाइटमा प्राप्त श्रोतमा उल्लेखित जनसंख्या जस्ताको जस्तै साभार गरिएको छ। जिल्लाको कूल जनसंख्या पालिकाहरुको जनसंख्याको योगसँग मिलेको छैन।*

## १.२ जिल्ला सभा र समन्वय समितिको परिचय

नेपालमा सङ्घीयता कार्यान्वयन गर्ने सिलसिलामा संवत २०७३ मा जिल्ला समन्वय समितिहरुको गठन गरिएको हो। नेपालको संविधानको धारा ५६ को उपधारा (४) अनुसार जिल्ला सभालाई स्थानीय तहको रुपमा परिभाषित गरिएको छ। संविधानको धारा २२० मा जिल्ला सभा र जिल्ला समन्वय समितिको व्यबस्था गरिएको छ। सो धाराको उपधारा (२) अनुसार जिल्ला सभामा जिल्ला गाउँ कार्यपालिकाका अध्यक्ष, उपाध्यक्ष र नगर कार्यपालिकाका प्रमुख र उपप्रमुखहरु सदस्य रहने व्यवस्था छ। उपधारा (३) मा जिल्ला सभाले एक जना प्रमुख, एक जना उपप्रमुख, कम्तीमा तीन जना महिला र एक जना दलित वा अल्पसंख्यक सहित वढिमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समिति गठन गर्ने व्यवस्था रहेको छ। उल्लेखित व्यवस्था अनुसार संवत २०७४ मा जिल्ला समन्वय समितिको प्रथम निर्वाचन भयो र श्री मन बहादुर रावलज्यूको अध्यक्षतामा नौ सदस्यीय जिल्ला समन्वय समिति, जाजरकोटको गठन भयो। उक्त समितिको पाँच वर्षीय कार्यकाल समाप्त भएपछि संवत २०७९ मा पुन: दोश्रो पटक जिल्ला समन्वय समितिको निर्वाचन भयो र श्री काली बहादुर खत्रीज्यूको अध्यक्षतामा नौ सदस्यीय जिल्ला समन्वय समिति, जाजरकोट वहाल रहेको छ।

कर्णाली प्रदेश सरकारले जिल्ला सभा सञ्चालन कार्यविधि ऐन २०७७ जारी गरी जिल्ला सभा सञ्चालनलाई नियमित, निर्देशित र व्यवस्थित गरेको छ। जस अनुसार जिल्ला सभाको नियमित वैठक वर्षमा एक पटक वस्नुपर्ने व्यवस्था गरिएको छ भने सभाको एक चौथाई सदस्यहरुले सभाको वैठक बस्न आवस्यक छ भनी लिखित माग गरेमा एक भन्दा बढि पटक समेत सभाको वैठक बस्न सक्ने व्यवस्था गरिएको छ।

संविधानको धारा २२० को उपधारा (७) मा जिल्ला सभाले जिल्लाभित्रका गाउँपालिका र नगरपालिकावीच समन्वय कायम गर्ने, विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन मूल्याङ्कन गर्ने, जिल्लामा रहेका सङ्घीय, प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिकावीच समन्वय कायम गर्ने र प्रदेश कानून वमोजिमका अन्य कार्यहरु गर्नेगरी काम, कर्तव्य र अधिकारको उल्लेख गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९२ मा समेत जिल्ला सभाको काम, कर्तव्य र अधिकारहरु व्यवस्थित गरिएका छन्। जस अनुसार जिल्लाको विकास समस्या र आवस्यकता पहिचान, प्रामिकीकरण र सन्तुलित विकास गर्न अन्तर तह तथा जिल्ला भित्रका अन्तर निकाय समन्वय गर्ने, विकास आयोजनाहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने, विकास समस्या समाधानको लागि सम्बन्धित निकायलाई पृष्ठपोषण गर्ने, पालिकाहरुवीच उत्पन्न हुने विवाद समाधानको लागि समन्वय गर्ने जस्ता प्रमुख जिम्मेवारीहरु तोकिएका छन्।

जिल्ला समन्वय समितिको जिम्मेवारीहरु र पदाधिकारीहरुको पारिश्रमिक तथा सुविधाहरुलाई व्यवस्थित गर्न कर्णाली प्रदेश सभाबाट जिल्ला सभा सञ्चालन कार्यविधि ऐन २०७५, स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७७ जस्ता कानून तर्जुमा भएका छन् भने कर्णाली प्रदेश सरकारबाट नदि तथा खानीजन्य श्रोत उत्खनन्, सङ्कलन तथा विक्रिवितरणलाई व्यवस्थित गर्ने कार्यविधि २०७९ जारी गरी जिल्लाभित्रका नदि तथा खानीजन्य श्रोत उत्खनन्, सङ्कलन तथा विक्रिवितरण कार्यको समन्वय, अनुगमन तथा मूल्याङ्कन गर्ने जिम्मेवारी जिल्ला समन्वय समितिलाई प्रदान गरिएको छ। त्यसैगरी जिल्ला समन्वय समितिबाट गरिने अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्यविधि २०७६ जारी गरी जाजरकोट जिल्लास्थित कर्णाली प्रदेश

सरकारका निकायहरुबाट सञ्चालन गरिएका कार्यक्रम तथा आयोजनाहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने जिम्मेवारी समेत तोकिएको छ।

जिल्ला समन्वय समितिहरुको गठन भएदेखि नै नेपालको संविधान, सङ्घीय र प्रादेश कानूनहरुले तोकेका जिम्मेवारीहरु उपलब्ध सीमित मानव तथा आर्थिक श्रोत र साधनभित्र रही सम्पादन गर्ने प्रयास गरिँदै आएको छ। नेपालमा सङ्घीयता कार्यान्वयन भएपछि संवत २०७९ मा दोश्रो पटक जिल्ला समन्वय समितिको निर्वाचन पश्चात् ९ जना निर्वाचित पदाधिकारीहरुको जिल्ला समन्वय समिति गठन भई हामी कार्यरत रहेका छौं। साविक जिल्ला विकास समिति खारेज भएपश्चात् उक्त जिल्ला विकास समितिको चल, अचल सम्पत्ति, जिन्सी सामाग्री र कागजातहरु जिल्ला समन्वय समितिलाई हस्तान्तरण भएकोले यस समितिलाई जग्गा, भवन र जिन्सी सामाग्रीको अभाव थिएन। साविक जिल्ला विकास समितिको स्वामित्वमा रहेका पाँचवटा भवन जिल्ला समन्वय समितिलाई हस्तान्तरण भएको र पुरातत्व विभागको स्वामित्वमा रहेको रातो दरवार समेत जिल्ला समन्वय समितिकै उपयोगमा रहेको हुँदा कार्यालय भवन, सभा हल र कर्मचारी तथा पदाधिकारी आवासको अभाव थिएन।

संवत २०८० कार्तिक १७ गते जाजरकोट जिल्लाको वारेकोट गाउँपालिका वार्ड नंवर १ को रामीडाँडा केन्द्रविन्दु भई गएको भूकम्पको कारण जिल्ला समन्वय समितिको स्वामित्व र प्रयोजनमा रहेका ५ वटा भवनहरुमध्ये चारवटा भवनहरु पुन: प्रयोग गर्न नसकिने गरी क्षति भएका छन्। क्षति भएका भवनहरुमा जिन्सी सामाग्री र कागजातहरुको भण्डारण वाहेक अन्य प्रयोजनमा प्रयोग गर्न सकिएको छैन। भूकम्पको कारण पुन: प्रयोग गर्न नसकिने गरी क्षति नभएको ६ कोठे १ वटा भवन मात्र बाँकी रहेको हुँदा सोही भवनबाट कार्यालय सञ्चालन र कर्मचारी तथा पदाधिकारी आवासको लागि सोही भवन प्रयोग गर्नुपर्ने वाद्यता रहेको हुँदा कर्मचारी तथा पदाधिकारीको लागि सहज कार्यकक्ष समेत व्यवस्थापन गर्न नसकिएको अवस्था रहेको छ। दरवन्दी अनुसारका कर्मचारीहरुको पदपूर्ति हुन नसक्दा दैनिक कार्य सञ्चालनमा कठिनाई भइरहेको छ। इन्जिनियर र सव इन्जिनियर गरी दुबै प्राविधिक पदहरु रिक्त रहेको हुँदा जिल्ला समन्वय समितिको महत्वपूर्ण जिम्मेवारीको रुपमा रहेको विकास पूर्वाधारहरुको परिमाण तथा गुणस्तर जस्ता प्राविधिक पक्षहरुको अनुगमन तथा मूल्याङ्कन गर्न सकिएको छैन।

माथिको हरफमा उल्लेखित जिल्ला समन्वय समिति, जाजरकोटको समस्या समाधान गर्न भूकम्पबाट क्षति भएका र कार्यालय सञ्चालन तथा आवासका लागि आवस्यक पर्ने भवनहरुको पुनर्निर्माण गर्नुपर्ने, दरवन्दी अनुसारका जनशक्ति पदपूर्ति गर्नुपर्ने आवस्यक देखिएको छ। विद्यमान समस्याहरुको समाधान गर्दै संविधान तथा कानूनले तोकेका जिम्मेवरी पूरा गर्न पर्याप्त अधिकार तथा श्रोतको व्यवस्था गरिएमा मात्र जिल्ला समन्वय समितिहरु गठनको औचित्य सावित हुने देखिन्छ।

## १.३ जिल्ला सभाको काम, कर्तव्य र अधिकार

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा जिल्ला सभाको काम, कर्तव्य र अधिकार तल उल्लेख भए वमोजिम रहेका छन्-

(अ) नेपालको संविधान

नेपालको संविधानको धारा २२० को उपधारा (७) मा जिल्ला सभाको काम, कर्तव्य र अधिकार निम्नानुसार व्यवस्था गरिएको छ-

(क) जिल्ला भित्रका गाउँपालिका र नगरपालिकावीच समन्वय गर्ने,
(ख) विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने,
(ग) जिल्लामा रहने सङ्घीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिकावीच समन्वय गर्ने,
(घ) प्रदेश कानून वमोजिम अन्य कार्यहरु गर्ने।

(आ) स्थानीय सरकार सञ्चालन ऐन २०७४

स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा जिल्ला सभालाई माथिको प्रकरण (अ) तोकिएका अतिरिक्त देहाय वमोजिमका काम, कर्तव्य र अधिकार तोकिएका छन्-

(क) जिल्लाभित्रका गाउँपालिका वा नगरपालिकावीचको विकास निर्माणका विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवस्यक समन्वय गर्ने,
(ख) जिल्लाभित्र सरकारी तथा गैर सरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनको विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफल सम्बन्धमा क्षेत्र वा समुदायगत, विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवस्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने,
(ग) जिल्लाभित्रका गाउँपालिका वा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश र सँघसँग समन्वय गर्ने,
(घ) जिल्लाभित्र रहने सङ्घीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिकावीच समन्वय गर्ने,
(ङ) जिल्लाभित्रका गाउँपालिका र नगरपालिकावीच कुनै विवाद उत्पन्न भएमा सो को समाधानको लागि समन्वय तथा सहजीकरण गर्ने,
(च) जिल्लाभित्रको प्राकृतिक प्रकोप र विपद व्यवस्थापन सम्बन्धी योजना र कार्यको समन्वय गर्ने,
(छ) जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैर सरकार सँघ संस्था र निजी क्षेत्रसँग समन्वय गर्ने,

(ज) जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि मन्त्रालय, स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवस्यकता अनुसार सम्बन्धित गाउँपालिका तथा नगरपालिकालाई समेत सुझाव दिने,

(झ) आफ्नो काम कारवाहीको सम्बन्धमा मन्त्रालय र स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएका दुई महिनाभित्र प्रतिवेदन दिने,

(ञ) जिल्लाभित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको कम्तीमा एक पटक वार्षिक समीक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट सङ्घीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसद सदस्यलाई आमन्त्रण गरी सुझाव लिने,

(ट) नेपाल सरकार वा प्रदेश सरकारले तोकेका अन्य कार्यहरु गर्ने ।

## १.४ कर्णाली प्रदेश सरकारबाट जिल्ला समन्वय समितिलाई तोकिएका जिम्मेवारीहरु


कर्णाली प्रदेश सरकारबाट जारी गरिएका विभिन्न कानून अनुसार जिल्ला समन्वय समितिलाई तोकिएका कार्यहरु तल उल्लेख गरिएका छन्-

(क) कर्णाली प्रदेश सरकारबाट जारी गरिएको जिल्ला समन्वय समितिबाट गरिने अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्यविधि २०७६ जारी गरी जाजरकोट जिल्लास्थित उक्त प्रदेश सरकारका निकायहरुबाट सञ्चालन गरिएका कार्यक्रम तथा आयोजनाहरुको अनुगमन तथा मूल्याङ्कन गरी प्रतिवेदन पेश गर्ने जिम्मेवारी तोकिएको छ,

(ख) कर्णाली प्रदेश सरकारबाट जारी गरिएको नदि तथा खानीजन्य श्रोत उत्खनन, सङ्कलन तथा बिक्री वितरणलाई व्यवस्थित गर्ने कार्यविधि २०७९ जारी गरी जिल्ला समन्वय समितिको प्रमुखको संयोजकत्वमा रहेको जिल्लास्तरीय अनुगमन तथा समन्वय समितिबाट जाजरकोट जिल्लाभित्रका नदि तथा खानीबाट हुने प्राकृतिक श्रोतको उत्खनन तथा उपयोग सम्बन्धी कार्यको अनुगमन गरी प्रतिवेदन पेश गर्ने जिम्मेवारी तोकिएको छ,

## १.५ सभा, समिति र कार्यालयको संगठन संरचना

जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाहरुको प्रमुख र उपप्रमुखहरु सदस्य रहेको जिल्ला सभा रहने व्यवस्था छ। जिल्ला सभाले सभाका सदस्यहरुमध्येबाट निर्वाचित गरेको प्रमुखको नेतृत्वमा ९ सदस्यीय जिल्ला समन्वय समिति रहेको छ। सभा र समितिको प्रशासनिक कार्य गर्नको लागि नेपाल सरकारका उपसचिवको नेतृत्वमा १२ जना कर्मचारीहरुको दरबन्दी रहेको जिल्ला समन्वय समितिको कार्यालयको समेत व्यवस्था गरिएको छ। समन्वय समितिका प्रमुखको कार्यतालिका व्यवस्थापन र प्रशासनिक कार्यमा सहयोग गर्नको लागि प्रमुखको निजी सचिवालयमा नायव सुब्बा स्तरको कर्मचारीको व्यवस्था गरिएको छ। नेपाल सरकारबाट स्वीकृत जिल्ला सभा, जिल्ला समन्वय समिति र समितिको कार्यालयको संगठन संरचना तलको चित्रमा उल्लेख गरिएको छ।




## १.६ समितिको कार्यालयको दरबन्दी तेरिज

नेपाल सरकारबाट स्वीकृत दरबन्दी तेरिज अनुसार जिल्ला समन्वय समितिको कार्यालयको दरबन्दी तेरिज तलको तालिका वमोजिम रहेको छ।

| सि.नं. | पदनाम | सेवा, समूह | श्रेणी | सँख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | जिल्ला समन्वय अधिकारी | प्रशासन, सा.प्र. | रा.प. द्वितीय | १ | |
| २ | शाखा अधिकृत | प्रशासन, सा.प्र. | रा.प. तृतीय | १ | |
| ३ | इन्जिनियर | इन्जि., सिभिल | रा.प. तृतीय | १ | |
| ४ | नायव सु. | प्रशासन, सा.प्र. | रा.प.अ. प्रथम | १ | |
| ५ | लेखा सहायक | प्रशासन, लेखा | रा.प.अ. प्रथम | १ | |
| ६ | सव इन्जिनियर | इन्जि., सिभिल | रा.प.अ. प्रथम | १ | |
| ७ | खरिदार | प्रशासन, सा.प्र. | रा.प.अ. द्वितीय | १ | |
| ८ | हलुका सवारी चालक | | श्रेणी विहीन | २ | |
| ९ | कार्यालय सहयोगी | प्रशासन, सा.प्र. | श्रेणी विहीन | ३ | |
| **जम्मा** | | | | **१२** | |

# १.७ समिति तथा कार्यालयको भौतिक सम्पत्ति र वित्तिय अवस्था

## १.७.१ भौतिक सम्पत्ति

सङ्घीयता पश्चात नेपालको शासकीय प्रणालीमा समेत गरिएको परिवर्तन पछि साविकका जिल्ला विकास समितिहरु खारेज गरी उक्त समितिको स्वामित्वमा रहेका चल अचल सबै सम्पत्ति जिल्ला समन्वय समितिमा स्थानान्तरण गर्ने नेपाल सरकारको निर्णयको कारण जिल्ला विकास समितिको स्वामित्वमा रहेका सबै जग्गा, भवन र जिन्सी सामाग्रीहरु यस समितिको रेखदेख र भोगचलनमा रहेका छन्। विभिन्न स्थानमा रहेका जग्गाहरुको जग्गाधनी प्रमाणपत्र भने हालसम्म पनि साविक जिल्ला विकास समितिको कार्यालयको नाममा नै रहेको छ। साविक जिल्ला विकास समितिको कार्यालयले प्रयोग गरेका ६ वटा भवनहरु यस समितिले प्रयोग गरिरहेको भएता पनि संवत २०८० कार्तिक १७ गतेको भूकम्पको कारण ५ वटा भवनहरुमा क्षति भएकोले हाल १ वटा भवन मात्र कार्यालय र निवास प्रयोजनमा प्रयोग भइरहेको छ। साविक जिल्ला विकास समितिको कार्यालयको स्वामित्वमा रही हाल यस समितिको रेखदेख तथा प्रयोगमा रहेका अचल सम्पत्ति र जिन्सी सामाग्रीको विवरण तल प्रस्तुत गरिएको छ।

(क) जग्गा र भवन

साविक जिल्ला विकास समितिको कार्यालयको स्वामित्वमा रहेका घर तथा जग्गा नै हाल जिल्ला समन्वय समितिको कार्यालयले उपभोग गरिरहेको छ। पुरातत्व विभागको संरक्षणमा रहेको रातो दरवार र अन्य ५ वटा भवन सहित ६ वटा भवनहरु जिल्ला समन्वय समितिको उपयोगमा रहेको भएता पनि संवत २०८० कार्तिक १७ को भूकम्पबाट ५ वटा भवनहरु बस्न नमिल्नेगरी क्षति भएको हुँदा हाल १ वटा भवन मात्र कार्यालय र पदाधिकारी निवासको रुपमा प्रयोग भइरहेको छ। साविक जिल्ला विकास समितिको कार्यालयको स्वामित्वमा रहेका जग्गाहरु तलको तालिका वमोजिम रहेका छन्।

| क्र.सं. | जग्गाको कित्ता नं. | जग्गाको क्षेत्रफल (वर्ग मीटर) | जग्गा रहेको स्थान | जग्गामा रहेको संरचना | कैफियत |
|---|---|---|---|---|---|
| १ | ४१ | ५९५ | भेरी न.पा.-३, जाजरकोट | भवन | |
| २ | ३८ | २३१ | भेरी न.पा.-३, जाजरकोट | भवन | |
| ३ | ४० | ६८० | भेरी न.पा.-३, जाजरकोट | भवन | |
| ४ | २६ | १३६० | भेरी न.पा.-३, जाजरकोट | भवन | |
| ५ | ३७७ | २५५ | भेरी न.पा.-४, जाजरकोट | खाली | |
| ६ | ९१४ | ९६५ | भेरी न.पा.-१३, जाजरकोट | खाली | |

साविक जिल्ला विकास समितिको कार्यालयको नाममा जग्गाधनी प्रमाण पत्र रहेका माथिका जग्गाहरु उक्त कार्यालय खारेज भइसकेको र हाल जिल्ला समन्वय समितिको कार्यालयको संरक्षण तथा प्रयोगमा रहेको हुँदा जिल्ला समन्वय समितिको कार्यालयको स्वामित्वमा ल्याउनु आवस्यक छ।

(ख)  सवारी साधन

सङ्घीयताको कार्यान्वयन पश्चात् खारेज भएका कार्यालयबाट हस्तान्तरण भई आएका, अन्य कार्यालयबाट हस्तान्तरण भई आएका र जिल्ला समन्वय समितिको कार्यालयबाट खरिद भएका समेत हाल जिल्ला समन्वय समितिको कार्यालयमा रहेका सवारी साधनहरुको विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

| **क.सं.** | **सवारी साधन नं.** | **सवारी साधनको प्रकार** | **चालु हालतमा रहे नरहेको** | **प्राप्तिको श्रोत** | **कैफियत** |
|---|---|---|---|---|---|
| १ | भे. १ ब ७५ | एक्साभेटर | नरहेको | जि.वि.स. को का. बाट खरिद | |
| २ | कर्णाली प्रदेश ०२-००१झ-०२१६ | पीकअप जीप | रहेको | निर्वाचन आयोगबाट हस्तान्तरण | |
| ३ | भे. १ ब ५२७ | मोटरसाइकल | नरहेको | जि.वि.स. को का. बाट खरिद | |
| ४ | भे. ६ प ४९२२ | मोटरसाइकल | नरहेको | जि.वि.स. को का. बाट खरिद | |
| ५ | वा. १ ब ६७४८ | मोटरसाइकल | नरहेको | SALG कार्यक्रमबाट हस्तान्तरण | |
| ६ | भे. १ ब ४१२ | मोटरसाइकल | नरहेको | WUPAP बाट हस्तान्तरण | |
| ७ | भे. १ ब ६३० | मोटरसाइकल | नरहेको | जि.वि.स. को का. बाट खरिद | |
| ८ | भे. १ ब १०३३ | मोटरसाइकल | नरहेको | जि.स.स. को का. बाट खरिद | |
| ९ | भे. १ ब १०३४ | मोटरसाइकल | नरहेको | जि.स.स. को का. बाट खरिद | |
| १० | भे. १ ब १०३५ | मोटरसाइकल | नरहेको | जि.स.स. को का. बाट खरिद | |

माथिको तालिकामा उल्लेख गरिएका सवारी साधनहरुमध्ये पीकअप जीप बाहेक अन्य साधनहरु चालु हालतमा नरहेका र भौतिक अवस्था हेर्दा मर्मत गरी पुन: प्रयोगमा ल्याउन सकिने अवस्थामा समेत नदेखिएकोले लिलाम विक्री गर्नुपर्ने देखिन्छ।

(ग)  खर्च भएर नजाने जिन्सी सामाग्री

सङ्घीयताको कार्यान्वयन पश्चात् खारेज भएका कार्यालयबाट हस्तान्तरण भई आएका र जिल्ला समन्वय समितिको कार्यालयबाट खरिद भएका समेत हाल जिल्ला समन्वय समितिको कार्यालयमा रहेका खर्च भएर नजाने जिन्सी सामाग्रीहरुको विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

| **क.सं.** | **जि.खा.पा.नं.** | **जिन्सी सामानको नाम** | **एकाई** | **परिमाण** | **कैफियत** |
|---|---|---|---|---|---|
| १ | १ | काठको आलमारी | वटा | १० | |
| २ | २ | रेडियो | वटा | २ | |
| ३ | ३ | स्टिल किस्ती | थान | ३ | |
| ४ | ४ | लाउसपिकर | वटा | १ | |
| ५ | ५ | माईक स्टयाण्ड | वटा | १ | |

| क्र.सं. | जि.खा.पा.नं. | जिन्सी सामानको नाम | एकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| ६ | ६ | एम्प्लिफायर | थान | १ | |
| ७ | ७ | यासिका क्यामरा | वटा | १ | |
| ८ | ८ | सिल्भरको कितली | थान | २ | |
| ९ | ९ | सब्बल | वटा | १ | |
| १० | १० | स्टील दराज | थान | ५९ | |
| ११ | ११ | सेफ | थान | १ | |
| १२ | १२ | रिभल्भिङ्ग कुर्ची | थान | २७ | |
| १३ | १३ | काठको खाट/पलङ | थान | १४ | |
| १४ | १४ | डाडु पन्यु | वटा | ७ | |
| १५ | १५ | सिल्भरको गाग्री | वटा | ३ | |
| १६ | १६ | स्टिल जग | वटा | ३ | |
| १७ | १७ | स्टील चम्चा | वटा | १४ | |
| १८ | १८ | स्टील काँटा | वटा | ५ | |
| १९ | १९ | स्टिल गिलास | वटा | ६२ | |
| २० | २० | स्टील कचौरा | वटा | १० | |
| २१ | २१ | स्टील प्लेट | वटा | ३४ | |
| २२ | २२ | स्टिल सादा थाली | वटा | २१ | |
| २३ | २३ | आल्मोनियम कराई | वटा | २ | |
| २४ | २४ | चेक राईटर | वटा | ३ | |
| २५ | २५ | सोफा सेट | सेट | १५ | |
| २६ | २६ | टि-टेवुल | थान | १६ | |
| २७ | २७ | स्टिल बाटा | वटा | २ | |
| २८ | २८ | पितलका नाला | वटा | ५ | |
| २९ | २९ | स्टिल कप | वटा | १ | |
| ३० | ३० | गैंती | वटा | ३ | |
| ३१ | ३१ | फरुवा | वटा | ८० | |
| ३२ | ३२ | स्टाफ | वटा | ७ | |
| ३३ | ३३ | प्रेशर कुकर | वटा | ८ | |

| क्र.सं. | जि.खा.पा.नं. | जिन्सी सामानको नाम | एकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| ३४ | ३४ | स्टील अँखोरा | वटा | ३ | |
| ३५ | ३५ | झारी | वटा | १ | |
| ३६ | ३६ | स्प्रेयर टंकी | वटा | १ | |
| ३७ | ३७ | ब्याट्री 12v | वटा | ३५ | |
| ३८ | ३८ | एब्नी हेन्ड लेवल (Abney Level) | वटा | ९ | |
| ३९ | ३९ | अल्टीमिटर | वटा | ५ | |
| ४० | ४० | ब्यारो मीटर | वटा | १ | |
| ४१ | ४१ | ह्वाईट वोर्ड | वटा | ५ | |
| ४२ | ४२ | रेन्जीङ्ग रड | वटा | ७ | |
| ४३ | ४३ | किरोसीन हिटर | वटा | ३ | |
| ४४ | ४४ | जुटका कुर्ची | वटा | ११ | |
| ४५ | ४५ | प्रिन्टर | थान | १३ | |
| ४६ | ४६ | कम्प्युटर डेस्कटप | थान | १८ | |
| ४७ | ४७ | पानी राख्ने ड्रम (प्लाष्टिकको) | वटा | ८ | |
| ४८ | ४८ | रोष्टम | वटा | १ | |
| ४९ | ४९ | यु. पी. एस. | वटा | ३ | |
| ५० | ५० | र्‍याक स्टील | थान | ६ | |
| ५१ | ५२ | टुल बक्स | थान | १ | |
| ५२ | ५३ | भि.सि.डी. डेक | वटा | १ | |
| ५३ | ५५ | पिन वोर्ड | वटा | २ | |
| ५४ | ५६ | कम्प्युटर टेवल | वटा | २ | |
| ५५ | ५७ | झुम्का पानस | वटा | २ | |
| ५६ | ५९ | जर्मन जि.पि.एस. (सर्भे इक्वीपमेन्ट) | सेट | १ | |
| ५७ | ६० | पि.सि. इन्टरफेस केवल | वटा | १ | |
| ५८ | ६१ | रंगिन टि. भि. | थान | ३ | |
| ५९ | ६२ | स्टयाभिलाइजर | वटा | ४ | |
| ६० | ६३ | सिल्भर डेक्ची | वटा | ४ | |
| ६१ | ६४ | फ्राई विन | वटा | ३ | |
| ६२ | ६५ | टेलिफोन सेट | थान | १२ | |

| क्र.सं. | जि.खा.पा.नं. | जिन्सी सामानको नाम | एकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| ६३ | ६६ | मेजरमेन्ट टेप | थान | ८ | |
| ६४ | ६७ | प्रिजोमेट्रिक कम्पास सहित स्टयान्ड | वटा | २ | |
| ६५ | ६८ | भिडियो रेकर्डिङ सिडी चक्का | वटा | १ | |
| ६६ | ६९ | मोवाइल फोन सेट ZTE | वटा | ३ | |
| ६७ | ७० | डिजिटल क्यामरा | वटा | १९ | |
| ६८ | ७१ | डिस होम र टि. भी. | वटा | २ | |
| ६९ | ७२ | माइक्रो फोन | वटा | १ | |
| ७० | ७३ | हाते माइक | वटा | २ | |
| ७१ | ७४ | सोलार प्यानल | वटा | ४६ | |
| ७२ | ७५ | IBM ब्राण्डेड कम्प्युटर | थान | २ | |
| ७३ | ७६ | सि.डी.एम.ए. टेलिफोन | वटा | ४ | |
| ७४ | ७७ | सोनी डिजिटल क्यामरा | वटा | ४ | |
| ७५ | ७८ | ग्लास डोर दराज 66" गेज | थान | १ | |
| ७६ | ७९ | अफिस चियर रोल कुर्सी | थान | ३ | |
| ७७ | ८० | अफिस टेवल (काठको) | थान | १९ | |
| ७८ | ८१ | ताला | वटा | ७ | |
| ७९ | ८२ | ग्याँस सिलिण्डर | वटा | ४ | |
| ८० | ८३ | ग्याँस चुलो | वटा | ४ | |
| ८१ | ८४ | External Hard Disk 320 GB | वटा | २ | |
| ८२ | ८५ | स्टिल दराज (फाईल क्याविनेट) | थान | ८ | |
| ८३ | ८६ | गोलो टेवुल | थान | २ | |
| ८४ | ८७ | Telescopic Abney level | वटा | ३ | |
| ८५ | ८८ | Digital altimeter | वटा | ५ | |
| ८६ | ८९ | मिटिङ्ग टेवुल | वटा | ७ | |
| ८७ | ९० | मिटिङ्ग कुर्सी | वटा | ५५ | |
| ८८ | ९१ | पञ्च पाला | सेट | १ | |
| ८९ | ९२ | प्लाष्टिक कुर्सी | वटा | ६ | |
| ९० | ९३ | ल्यापटप कम्प्युटर | थान | ३३ | |

| क.सं. | जि.खा.पा.नं. | जिन्सी सामानको नाम | एकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| ९१ | ९४ | पानि तान्ने पम्प | वटा | १ | |
| ९२ | ९५ | Intercom Phone system | थान | १ | |
| ९३ | ९६ | Intercom Key Phone set | थान | १ | |
| ९४ | ९७ | GPS map | थान | १ | |
| ९५ | ९८ | LG Refrigerator (फ्रिज) | थान | १ | |
| ९६ | ९९ | राइस कुकर | वटा | २ | |
| ९७ | १०० | स्टयाविलाइजर | वटा | २ | |
| ९८ | १०१ | चियर कुसन | वटा | २६ | |
| ९९ | १०२ | डोजर एस्काभेटर | थान | १ | |
| १०० | १०३ | Rock Breaker (Hydrolic) | थान | १ | |
| १०१ | १०५ | मोटर साइकल | वटा | ८ | |
| १०२ | १०६ | Zopp training box | थान | १ | |
| १०३ | १०७ | Godrej cash box | थान | १ | |
| १०४ | १०८ | Theodolite | थान | २ | |
| १०५ | १०९ | Wooden office table | थान | ६ | |
| १०६ | ११० | Revolving chair | थान | २ | |
| १०७ | १११ | Book rack | थान | १ | |
| १०८ | ११२ | Dinig Table | थान | १ | |
| १०९ | ११३ | File rack | थान | २ | |
| ११० | ११५ | Meeting table | थान | २ | |
| १११ | ११७ | White Board | वटा | ४ | |
| ११२ | ११८ | Wooden cabinet | थान | १ | |
| ११३ | ११९ | Stavel AVR 1500 (स्टयाविलाईजर) | वटा | १ | |
| ११४ | १२० | स्पाईरल वाईण्डिङ्ग मेशिन | वटा | १ | |
| ११५ | १२१ | ग्याँस हिटर | वटा | ५ | |
| ११६ | १२२ | Wooden cabinet | थान | १ | |
| ११७ | १२३ | DVD player | वटा | १ | |
| ११८ | १२४ | नाईलन छाप | वटा | ५ | |

| क्र.सं. | जि.खा.पा.नं. | जिन्सी सामानको नाम | एकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| ११९ | १२५ | ADSL router | थान | १ | |
| १२० | १२६ | Printer (brother) | थान | ४ | |
| १२१ | १२७ | Monitor LCD | थान | ४ | |
| १२२ | १२८ | Fax machine (brother) | थान | २ | |
| १२३ | १२९ | पुजा गाग्री | सेट | २ | |
| १२४ | १३० | डिजिटल क्यामरा | वटा | १ | |
| १२५ | १३१ | External Hard disk 500 GB | वटा | २ | |
| १२६ | १३२ | कराई ढलौट | वटा | २ | |
| १२७ | १३३ | भ्याकुम क्लिनर | वटा | २ | |
| १२८ | १३४ | टायर | वटा | १ | |
| १२९ | १४७ | Tripod screen | थान | १ | |
| १३० | १३५ | GPS map with sensor | वटा | १ | |
| १३१ | १३६ | फोटोकपी मेशिन | वटा | ४ | |
| १३२ | १३७ | इन्भर्टर | थान | ७ | |
| १३३ | १३९ | हेलमेट | वटा | ४ | |
| १३४ | १४० | स्क्यानर मेशिन | वटा | ३ | |
| १३५ | १४१ | प्रोजेक्टर | वटा | ३ | |
| १३६ | १४२ | Bibe mould | वटा | | |
| १३७ | १६८ | Dell server T-110 | थान | १ | |
| १३८ | १६७ | Cisco SG 300 28 port switch | थान | १ | |
| १३९ | १४४ | LG woofer | वटा | १ | |
| १४० | १४९ | पितलको पाता | वटा | ५ | |
| १४१ | १५० | छिना | वटा | १ | |
| १४२ | १५१ | लेवल मेशिन | थान | ५ | |
| १४३ | १५४ | ब्याट्री नट | वटा | ६ | |
| १४४ | १५६ | सोलार कन्ट्रोल | वटा | ११ | |
| १४५ | १५७ | कर्डलेस फोन सेट | सेट | १ | |
| १४६ | १५८ | साधा रजिष्टर | वटा | १ | |

| क्र.सं. | जि.खा.पा.नं. | जिन्सी सामानको नाम | एकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| १४७ | १५९ | राजा रानी फोटो | सेट | १ | |
| १४८ | १६० | Four PABS system | थान | १ | |
| १४९ | १६१ | Construction औजार | सेट | १ | |
| १५० | १६२ | Printing calculator | वटा | २ | |
| १५१ | १६३ | माउस | वटा | २ | |
| १५२ | १६४ | झोला | वटा | १ | |
| १५३ | १६५ | Laptop Adaptor | वटा | १ | |
| १५४ | १६६ | चक्कु | वटा | १ | |
| १५५ | ४ | फलामको चियर | वटा | ८ | जिससको जिन्सी किताव |
| १५६ | ९ | काठका कुर्सी | वटा | १ | " " " |
| १५७ | १० | किचेन र्याक | वटा | १ | " " " |
| १५८ | ११ | जाली ढोका | थान | १ | " " " |
| १५९ | १४ | टि.भी. स्टयाण्ड | थान | १ | " " " |
| १६० | १९ | ल्यापटप | थान | १ | " " " |
| १६१ | २१ | ग्याँस गिजर | थान | १ | " " " |
| १६२ | १ | कुर्सी हत्तावाला काठको | थान | ४ | LDF को जिन्सी किताव |
| १६३ | २ | घर्रावाला टेवुल | थान | ४ | " " " |
| १६४ | ६ | थरमस | वटा | १ | " " " |
| १६५ | ९ | Epson LQ 300+printer | थान | १ | " " " |
| १६६ | १२ | लेजर प्रिन्टर | थान | १ | " " " |
| १६७ | १३ | Sony-pcg Grj 250p-laptop | थान | १ | " " " |
| १६८ | १८ | टेबुल सादा | थान | २ | " " " |
| १६९ | १९ | कुर्सी काठको | थान | ५ | " " " |
| १७० | २० | कम्प्युटर कुर्सी | थान | २ | " " " |
| १७१ | २२ | Dell latitude-e 6400 | थान | १ | LDF को जिन्सी किताव |
| १७२ | २३ | Dell 34371 core i5 4GB | थान | १ | " " " |
| १७३ | २४ | UPS 850 VA | थान | १ | " " " |
| १७४ | ३ | File Cabinet | थान | १ | WUPAP को जिन्सी किताव |

| क्र.सं. | जि.खा.पा.नं. | जिन्सी सामानको नाम | एकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| १७५ | ४ | Book Cabinet | थान | १ | " " " |
| १७६ | ८ | प्रिन्टर क्यानन | थान | २ | " " " |
| १७७ | १० | स्टिल दराज लकर | वटा | ८ | " " " |
| १७८ | १२ | कम्प्युटर कुर्सी | वटा | ३ | " " " |
| १७९ | १३ | S मोडेल कुर्सी | वटा | ५ | " " " |
| १८० | १६ | वल्व | वटा | ४ | " " " |
| १८१ | २१ | तावा | वटा | १ | " " " |
| १८२ | २५ | कम्प्युटर डेक्स | वटा | २ | " " " |
| १८३ | २६ | वाईरीङ सामान | सेट | २ | " " " |
| १८४ | २७ | सपोर्ट स्ट्रक्चर | थान | १ | " " " |
| १८५ | ३७ | दराज | थान | १ | " " " |
| १८६ | ४० | Brother-hcl 2130 प्रिन्टर | थान | १ | " " " |
| १८७ | ४३ | वलेरो हटपट | थान | १ | " " " |
| १८८ | ४४ | फिल्टर | वटा | १ | " " " |
| १८९ | ४७ | MSI note book | थान | २ | " " " |

माथिको तालिकामा उल्लेखित अधिकांश जिन्सी सामाग्रीहरु पुरानो भएको, मर्मत स्भार तथा संरक्षणको अभाव जस्ता कारणले चालु हालतमा नरहेको हुँदा मर्मत गरी पुन: सञ्चालन गर्न सक्ने संभावना नरहेका जिन्सी सामाग्रीहरु लिलाम बिक्री गर्नुपर्ने देखिन्छ।

## १.७.२ वित्तिय अवस्था

### (क) अनुदान

अधिकारक्षेत्र र कामको प्रकृति अनुसार यस समितिले नेपाल सरकार र प्रदेश सरकारबाट प्रशासनिक खर्च वाहेक अन्य अनुदान प्राप्त गर्दैन। गत आर्थिक वर्ष २०८०/०८१ मा समितिलाई नेपाल सरकार र कर्णाली प्रदेश सरकारबाट तपसिल वमोजिम प्रशासनिक खर्च अनुदान प्रप्त भएको थियो।

तपसिल

| क्र.सं. | व.उ.शी.नं. | शीर्षक | रकम (रु.) | अनुदान उपलब्ध गराउने निकाय | कैफियत |
|---|---|---|---|---|---|
| १ | ३६५००१०५३ | तलव, भत्ता लगायत प्रशासनिक खर्च | १,५५,३६,००० | नेपाल सरकार | |
| २ | ३६५००१०६३ | वहुक्षेत्रीय पोषण कार्यक्रम अनुगमन तथा समीक्षा | ६०,००० | नेपाल सरकार | |
| ३ | ३०५०३०११३ | अनुगमन, मूल्याङ्कन खर्च | ६,००,००० | कर्णाली प्रदेश सरकार | |
| **जम्मा** | | | **१,६१,९६,०००** | | |

(ख) राजस्व

राजस्व सङ्कलन गर्ने सेवा तथा क्रियाकलापहरु जिल्ला समन्वय समितिको कार्यक्षेत्रमा नपर्ने भएको हुनाले यस समिति र कार्यालयबाट राजस्व सङ्कलन भएको छैन। तर, कार्यालयको हाताभित्र रहेको टिनको कटेरोमा सञ्चालक निर्मला खड्काले कार्की होटल नामक चमेना गृह सञ्चालन गरिरहेको हुँदा समन्वय समितिको निर्णय तथा कार्यालय र सञ्चालकवीच भएको सम्झौता अनुसार जग्गाको भाडास्वरुप चमेना गृह सञ्चालकबाट भाडा र गैर सरकारी तथा निजी क्षेत्रबाट समन्वय समितिको हलमा कार्यक्रम सञ्चालन गर्दा भाडा उठाउने गरिएको छ। गत आ.व. भाडा र प्रशासनिक दण्ड जरिवाना वापत सङ्कलन भएको राजस् रकम तलको तालिकामा प्रस्तुत गरिएको छ।

| क्र.सं. | राजस्व संकेत | राजस्व शीर्षक | राजस्व रकम (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | १४१५१ | सरकारी सम्पत्तिको वहालबाट प्राप्त आय | ४०,००० | |
| २ | १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ६,६८,००० | |
| **जम्मा** | | | **७,०८,०००** | |

(ग) कोषहरु

जिल्ला समन्वय समितिको गठन भए पश्चात् कुनै कोषहरु स्थापना भएको नभएता पनि साविक जिल्ला विकास समितिमा रहेका कोषहरु उक्त समिति खारेज भए पश्चात जिल्ला समन्वय समितिमा कोषहरु स्थानान्तरण गरिएको हुँदा यस समन्वय समितिको स्वामित्वमा गत आ.व. २०८०/०८१ सम्म तपसिल वमोजिमका कोषहरु रहेका छन्-

तपसिल

| क्र.सं. | कोषको नाम | मौज्दात रकम (रु.) | कैफियत |
|---|---|---|---|
| १ | जिल्ला उर्जा कोष | १४,९१,६९१.२९ | |
| २ | वैदेशिक खाता | ४,८२,५५६.६१ | |
| ३ | मानव संसाधन विशेष कोष | १३,२३,०६१.४१ | |
| ४ | चालु खर्च खाता | १,१५,६११.०० | |

| क्र.सं. | कोषको नाम | मौज्दात रकम (रु.) | कैफियत |
|---|---|---|---|
| ५ | पूँजिगत खर्च खाता | ७,९७,३७६.०० | |
| ६ | वातावरण व्यवस्थापन विशेष कोष | २,४६,०००.०० | |
| ७ | कर्मचारी कल्याण कोष | ६,५४,७२६.५५ | |
| ८ | राजस्व आम्दानी वाँडफाँड खाता | १७,२६,५६२.३३ | |
| ९ | महिला तथा वालवालिका विशेष कोष | १,४८,०००.०० | |
| १० | आन्तरिक आम्दानी विशेष कोष | ३५,४७,३१२.३२ | |
| ११ | स्थानीय विकास कोष | ८,०४,०००.०० | |
| १२ | गरिवी निवारण तथा सामाजिक परिचालन विशेष कोष | १,४८,०००.०० | |
| १३ | मर्मत संभार विशेष कोष | ३१,२३,४९४.६० | |
| १४ | प्रकोप व्यवस्थापन विशेष कोष | १८,७४,९१०.०० | |
| १५ | जिल्ला समन्वय समिति | २०.०० | |
| **जम्मा** | | **१,६४,८३,३२२.११** | |

तत्कालीन अवस्थामा स्थापना भएका कोषहरुको वदलिएको संरचना, जिम्मेवारी, परिवेशसँग सान्दर्भिक नहुने, आवस्यक नभएको अवस्थामा आवस्यक कोषहरु मात्र यथावत राखी अन्य कोषहरु खारेज गरी कोषमा रहेको रकम नेपाल सरकरको राजस्व खातामा दाखिला गर्नुपर्ने वा हालको अवस्थामा समेत सान्दर्भिक कोषमा एकीकरण गर्न आवस्यक देखिएको छ।

## (घ) धरौटी

जिल्ला समन्वय समितिले हाल कुनै पनि पूर्वाधार विकास वा सेवा प्रवाह सम्बन्धी कार्य नगर्ने भएको हुँदा समिति गठन भए पश्चात् कुनै धरौटी सङ्कलन गरिएको नभएता पनि साविक जिल्ला विकास समितिमा रहेका धरौटी रकम उक्त समिति खारेज भए पश्चात् जिल्ला समन्वय समितिमा स्थानान्तरण गरिएको हुँदा यस समन्वय समितिको स्वामित्वमा गत आ.व. २०८०/०८१ सम्म तपसिल वमोजिमका धरौटी रकम रहेका छन्-

तपसिल

| क्र.सं. | धरौटी राख्ने व्यक्ति वा संस्थाको नाम | धरौटी रकम (रु.) | कैफियत |
|---|---|---|---|
| १ | आरसिना सिचाई कुलो | ८८,३००.०० | |
| २ | इकोकोड नेपाल प्रा लि | ५६,६५०.०० | |
| ३ | इकोस्यार्ट इन्जिनियरिगं | ३०,०००.०० | |
| ४ | ईसिएन कन्सलटेन्सी प्रा लि | २४,८७५.०० | |
| ५ | कृष्ण प्रा वि | १७,३००.०० | |
| ६ | के वि निर्माण सेवा | ९,५७१.०० | |
| ७ | गणेश शाह निर्माण | ६,६५०.०० | |

| क्र.सं. | धरौटी राख्ने व्यक्ति वा संस्थाको नाम | धरौटी रकम (रु.) | कैफियत |
|---|---|---|---|
| ८ | गाल्वा कृष्ण खड्का जे भी | ५,४३,६२३.०० | |
| ९ | गैराखोला सिंचाई कुलो | २६,३२६.०० | |
| १० | गैरी लविसा खानेपानी | १८.०० | |
| ११ | ग्रिड कन्सल्ट प्रा लि | ४२,०००.०० | |
| १२ | घरेली खानेपानी | ८.०० | |
| १३ | चाँदे चंखिला सडक निर्माण उपभोक्ता समिति | १,९२,०४५.०० | |
| १४ | चोत्राकोट झोलुङ्गे पुल | १०,३६८.०० | |
| १५ | चोत्रेनी सिचाई कुलो | ३४,३५३.०० | |
| १६ | चौर ढुगां सिचाई कुलो | २८,६००.०० | |
| १७ | छेडा कचाली सडक | ५०,०००.०० | |
| १८ | जयगौरव निर्माण सेवा | १५,०००.०० | |
| १९ | जिल्ला समन्वय समिति नाम नखुलेको धरौटी | ११,७७,८५६.४९ | |
| २० | डाँफे कन्स्ट्रक्सन कम्पनी | १०,१५,८७०.०० | |
| २१ | डालेचौर सिंचाई कुलो | ७,३९७.०० | |
| २२ | ड्रिलिप धरौटी मुआव्बजा | १,९८,४९३.०० | |
| २३ | ड्रिलिप सामुदायिक वन | ८६,८२७.०० | |
| २४ | थापा निर्माण सेवा | ८,४७८.०० | |
| २५ | नेसनल सोलार एण्ड इन्भेष्टमेन्ट | २३,५००.०० | |
| २६ | न्यू मिलन निर्माण सेवा | ५६,१०२.०० | |
| २७ | पल्लेपाखा खानेपानी | १३.०० | |
| २८ | पि एस कन्स्ट्रक्सन | २२,००१.०० | |
| २९ | पि निर्माण सेवा | ३५,१००.०० | |
| ३० | पुकार निर्माण सेवा | ७२,०००.०० | |
| ३१ | फेरा झोलुङ्गे पुल | ७,३१९.०० | |
| ३२ | बगिरह झोलुङ्गे पुल | १.०० | |
| ३३ | बल्पाबोरी सिचाई कुलो | ११.०० | |
| ३४ | बाँठावाडा खानेपानी | ३.०० | |
| ३५ | बाल्पा बोकी | ४१,८००.०० | |
| ३६ | भुर स्याउली सडक | ६,००१.०० | |
| ३७ | भेरी कन्स्ट्रकसन | १८.०० | |
| ३८ | भेरी नदी निर्माण सेवा | २४,७६४.०० | |
| ३९ | मनकामना शान्ता जे भी | ४८,६०५.०० | |
| ४० | माईलस्टोन डिजाइन प्रा लि | ३०,९००.०० | |

| क्र.सं. | धरौटी राख्ने व्यक्ति वा संस्थाको नाम | धरौटी रकम (रु.) | कैफियत |
|---|---|---|---|
| ४१ | मानचौर खानेपानी | ९०.०० | |
| ४२ | रमण निर्माण सेवा | ३४,४०५.०० | |
| ४३ | रिजवान इन्जिनियरिगं | ३१,०००.०० | |
| ४४ | रिडपे खानेपानी | २५.०० | |
| ४५ | लेखखोरिया खानेपानी | ५९,५७६.०० | |
| ४६ | वखरेटी खानेपानी | ४.०० | |
| ४७ | वार्नागाउँ खानेपानी | ५.०० | |
| ४८ | वालुवा वडाकाँडा सडक | ३४,६५६.०० | |
| ४९ | शान्ति चौतारा खानेपानी | ४,९५०.०० | |
| ५० | सन्तोली खानेपानी | ४.०० | |
| ५१ | सन्तोष निर्माण सेवा | ११,१००.०० | |
| ५२ | सरस्वती नि मा वि | ९,३५०.०० | |
| ५३ | सर्वउदार जे भी | १२,०९,४२९.७० | |
| ५४ | साईबाबा निर्माण सेवा | ५४.०० | |
| ५५ | साउचौर खानेपानी | ४,८६९.०० | |
| ५६ | हिमचुली प्रा वि | ९,८५०.०० | |
| ५७ | हिमालय प्रा वि | ३,०००.०० | |
| **जम्मा** | | **५४,५१,११४.१९** | |

माथिको तालिकामा उल्लेखित अधिकांश धरौटी रकमहरु १० वर्ष नाघिसकेका, न्यून रकम समेत रहेका, जम्मा गर्ने उपभोक्ता समितिहरु हाल अस्तित्वमा नरहेका र जम्मा गर्ने व्यक्ति वा संस्था धरौटी फिर्ता माग गर्न आउने संभावना समेत नरहेका धरौटी रकमहरु सदरस्याहा गर्नुपर्ने देखिएको छ।

## (ङ) वेरुजु

जिल्ला समन्वय समितिको कार्यालयको अभिलेख अनुसार समिति गठन भए कायम भएको वेरुजुको विवरण तपसिल वमोजिम रहेको छ-

तपसिल

| क्र.सं. | आर्थिक वर्ष | व.उ.शी.नं. | वेरुजु विवरण | वेरुजु प्रकार | रकम |
|---|---|---|---|---|---|
| १ | २०७९/०८० | ३०५०३०११३ | मू.अ. कर भुक्तानी गर्दा ३०% कट्टी नगरी भुक्तानी गरेको | असुल उपर गर्नुपर्ने | १७,१२१.०० |
| २ | २०७९/०८० | ३०५०३०११३ | मु.अ. कर समायोजन प्रमाण पेश नगरेको | नियमित गर्नुपर्ने | ५७,०७०.०० |
| **जम्मा** | | | | | **७४,१९१.००** |

# अध्याय २: सम्पादन गरिएका कार्यहरु

## २.१ वैठक तथा निर्णयहरु

### (क) जिल्ला सभा

संवत २०८० असोज १४ गते जिल्ला समन्वय समितिका प्रमुख श्री काली बहादुर खत्रीको अध्यक्षतामा १२औं जिल्ला सभा सञ्चालन भयो। यस सभामा जाजरकोट जिल्लाबाट सङ्घीय सरकारमा प्रतिधित्व गर्नुहुने तत्कालीन माननीय उर्जा, जलश्रोत तथा सिंचाई मन्त्री श्री शक्ति बहादुर वस्नेत, प्रतिनिधि सभाका सदस्य माननीय मैना कार्की, जाजरकोट जिल्लाबाट कर्णाली प्रदेश सरकारमा प्रतिनिधित्व गर्नुहुने तत्कालीन आर्थिक मामिला तया योजना मन्त्री माननीय श्री वेदराज सिंह, पूर्व मन्त्री सत्य पहाडिज्यूको विशेष उपस्थिति रहेको थियो। सभाका कूल २४ सदस्यहरुमध्ये वहुमत १५ सदस्यहरुको उपस्थिति रहेको थियो भने सभामा सभाका सदस्य तथा आमन्तित्र समेत कूल ४२ जनाको उपस्थिति रहेको थियो।

सभामा आमन्त्रित विशिष्ट अतिथिहरुबाट १२औं जिल्ला सभाको सफलताको शुभकामना सहित जिल्लाको विकास निर्माण तथा सेवा प्रवाह सम्बन्धमा जिल्ला सभा र समन्वय समितिबाट गर्नुपर्ने निर्णय, समन्वय, अनुगमन मूल्याङ्कन सम्बन्धमा सुझाव राखिएको थियो। सभाका सदस्यहरुवीच जिल्लाको विकास निर्माण तथा सेवा प्रवाहमा देखिएका समस्या, समाधानका उपायहरु, विकासको लागि जिल्ला सभाले नेपाल सरकार र कर्णाली प्रदेश सरकारका सम्बन्धित निकायहरुमा गर्नुपर्ने पहल तथा समन्वय, स्थानीय तहहरुको समस्या, समस्या समाधानका उपाय जस्ता विविध समसामयिक विषयहरुमा छलफल भयो। छलफलका आधारमा सभाबाट तपसिल वमोजिम वर्गीकरण गरिएका विषयहरुमा जम्मा २३ वटा निर्णयहरु भएका थिए-

<u>तपसिल</u>

| क्र.सं. | निर्णयका विषय | संख्या | कैफियत |
|---|---|---|---|
| १ | अन्तर तह तथा अन्तरनिकाय समन्वय सम्बन्धी | ५ | |
| २ | विकास निर्माण तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी | ३ | |
| ३ | सार्वजनिक सेवा सहजीकरण सम्बन्धी | ५ | |
| ४ | अनुगमन तथा मूल्याङ्कन तथा समीक्षा सम्बन्धी | ३ | |
| ५ | कानून तर्जुमा सम्बन्धी | १ | |
| ६ | सार्वजिनक सम्पत्ति तथा कोष व्यवस्थापन सम्बन्धी | ३ | |
| ७ | सुशासन सम्बन्धी | १ | |
| ८ | अन्य | २ | |
| **जम्मा** | | **२३** | |

## (ख) जिल्ला समन्वय समिति

गत आर्थिक वर्षमा जिल्ला समन्वय समितिका २१ वटा वैठकहरु सञ्चालन भएका थिए। समन्वय समितिको वैठकमा जिल्लाको नियमित तथा आकस्मिक समसामयिक विषयहरुमा छलफल भए। जिल्ला समन्वय समितिको अधिकारक्षेत्र भित्रका विषयहरुमा २१ वटा वैठकहरुबाट जम्मा ५० वटा निर्णयहरु भएका थिए। समन्वय समितिको वैठकबाट भएका निर्णयहरुलाई तपसिल वमोजिम वर्गीकरण गरिएको छ-

तपसिल

| क्र.सं. | निर्णयका विषय | संख्या | कैफियत |
|---|---|---|---|
| १ | अन्तर तह तथा अन्तरनिकाय समन्वय सम्बन्धी | ६ | |
| २ | विकास निर्माण तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी | २ | |
| ३ | सार्वजनिक सेवा सहजीकरण सम्बन्धी | ४ | |
| ४ | अनुगमन तथा मूल्याङ्कन तथा समीक्षा सम्बन्धी | ७ | |
| ५ | सार्वजिनक सम्पत्ति तथा कोष व्यवस्थापन सम्बन्धी | १६ | |
| ६ | अन्य | १५ | |
| **जम्मा** | | **५०** | |

# २.२ कार्यान्वयन तथा प्रगतिको समीक्षा

## (क) वार्षिक समीक्षा

मिति २०८०/०६/१३ र १४ गते जिल्ला समन्वय समिति जाजरकोटका प्रमुख श्री काली बहादुर खत्रीज्यूको अध्यक्षतामा आर्थिक वर्ष २०७९/८० को कार्यक्रम कार्यान्वयनको वार्षिक प्रगतिको समीक्षा वैठक गरिएको थियो। समीक्षा वैठकमा जिल्ला सभाका सदस्यहरु, जिल्लास्थित सरकारी कार्यालयका प्रमुखहरुको उपस्थिति थियो भने जाजरकोट जिल्लाबाट तत्कालीन नेपाल सरकार मन्त्री परिषदमा सहभागी माननीय उर्जा, जलश्रोत तथा सिंचाई मन्त्री शक्ति बहादुर वस्नेत, प्रतिनिधि सभामा सहभागी माननीय सदस्य श्री मैना कार्की, कर्णाली प्रदेश सरकार मन्त्री परिषदमा सहभागी माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री वेदराज सिंह र पूर्व मन्त्री सत्य पहाडिको विशेष उपस्थिति रहेको थियो। यस समीक्षा कार्यक्रममा स्थानीय तहहरु समेत जिल्लामा रहेका २६ वटा सरकारी कार्यालयका प्रमुखहरु र अन्य उपस्थिति गरी जम्मा ७९ जनाको उपस्थिति रहेको थियो।

विकास निर्माण र सेवा प्रवाहसँग सम्बन्धित कार्यालयका प्रमुखहरुले आफ्नो कार्यालयबाट आ.व. २०७९/०८० मा गरिएका कार्यहरुको प्रगति प्रस्तुत गरिएको थियो। प्रस्तुतीकरणमा जिल्ला सभा, समन्वय समितिका पदाधिकारीहरु र विशेष उपस्थिति रहेका अतिथि, राजनीतिक दलका प्रतिनिधि, पत्रकार र अन्य सहभागीहरुबाट जिज्ञासा तथा सुझावहरु राखिएका थिए। आ.व. २०७९/०८० का कार्यक्रम कार्यान्वयन गर्दा प्राप्त उपलब्धी, भोग्नु परेका समस्या तथा हासिल भएका सिकाई र समीक्षा कार्यक्रमका सहभागीहरुबाट प्राप्त सुझावहरुको आधारमा आ.व.२०८०/०८१ को कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने निश्कर्ष सहित मिति २०८०/०६/१४ गते समीक्षा कार्यक्रम समापन गरिएको थियो।

(ख) अर्धवार्षिक समीक्षा

जिल्ला समन्वय समिति जाजरकोटका प्रमुख श्री काली बहादुर खत्रीज्यूको अध्यक्षतामा संवत २०८० चैत्र ३ गते आर्थिक वर्ष २०८०/८१ को कार्यक्रम कार्यान्वयनको अर्ध वार्षिक प्रगतिको समीक्षा वैठक गरिएको थियो। समन्वय समितिका पदाधिकारीहरुको उपस्थिति, पालिका प्रमुख तथा उपप्रमुखहरुको आमन्त्रणमा यस कार्यक्रम सञ्चालन गरिएको थियो। समीक्षा कार्यक्रममा स्थानीय तहहरु समेत जिल्लाका २४ वटा कार्यालय प्रमुखहरुको सहभागिता रहेको थियो भने कार्यक्रममा राजनीनिक दल, गैर सरकारी संस्था, नागरिक समाज तथा सञ्चारकर्मी गरी कूल ८२ जनाको सहभागिता रहेको थियो।

यस कार्यक्रममा विकास निर्माण र सेवा प्रवाहसँग सम्बन्धित कार्यालयका प्रमुखहरुले आफ्नो कार्यालयबाट आ.व. २०८०/०८१ को ६ महिनामा गरिएका कार्यहरुको प्रगति प्रस्तुत गरिएको थियो। प्रस्तुतीकरणमा समन्वय समितिका पदाधिकारीहरु, राजनीतिक दलका प्रतिनिधि, पत्रकार र अन्य सहभागीहरुबाट जिज्ञासा तथा सुझावहरु राखिएका थिए। समीक्षा अवधीमा प्राप्त उपलब्धी, भोग्नु परेका समस्या तथा हासिल भएका सिकाई र समीक्षा कार्यक्रमका सहभागीहरुबाट प्राप्त सुझावहरुको आधारमा आ.व.२०८०/०८१ मा कार्यान्वयन गर्नेगरी वजेट बाँडफाँट भएका सबै कार्यक्रम तथा आयोजनाहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्दै समयमा नै सम्पन्न गर्ने कार्यालय प्रमुखहरुको प्रतिवद्धता र कार्यालयहरुलाई आ-आफ्नो क्षेत्रबाट सहयोग गर्ने सरोकारवालाहरुको आश्वासन सहित समीक्षा कार्यक्रम समापन गरिएको थियो।

## २.३ अन्तर तह तथा अन्तर निकाय समन्वय

जिल्ला सभा र जिल्ला समन्वय समितिमा भएको अधिकार, मानवीय, आर्थिक श्रोत साधनको न्यूनताको कारण जिल्ला सभा र जिल्ला समन्वय समितिले यस जिम्मेवारी पुरा गर्न प्रभावकारी भूमिका निर्वाह गर्न सकेको महसूष भएको छैन। नेपाल सरकार, प्रदेश सरकार, जिल्लास्थित सरोकारवाला निकायहरु र स्थानीय तहहरुले जिल्ला समन्वय समितिलाई उपयुक्त महत्व नदिने, समन्वयका विषयहरु समेत समन्वय समितिमा प्रवेश नगराउने जस्ता कारणले समन्वय समितिको यस भूमिका प्रभावकारी देखिएको छैन। यस भूमिका अन्तरगत स्थानीय तहका सामान्य विवाद सुल्झाउन सहजीकरण गरेको, नेपाल सरकार र प्रदेश सरकारबाट जिल्लामा हुने कार्यक्रममा सहभागीहरुको उपस्थितिको लागि पत्राचार गरिदिन अनुरोध गरेमा समन्वय गरिएको जस्ता सामान्य कार्यहरु मात्र गरिएका थिए।

## २.४ वजेट तथा कार्यक्रम कार्यान्वयनको प्रगति

जिल्ला समन्वय समिति र कार्यालयमा प्राप्त हुने वजेट सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र कर्णाली प्रदेश सरकारबाट सीधै कम्प्युटरकृत सरकारी लेखा प्रणाली (Computerized Government Accounting System - CGAS) मा आउने, यसबाट वजेट मात्र जानकारी हुने, तर यसको कार्यक्रम मन्त्रालयगत वजेट सूचना प्रणाली (Line Ministry Budget Information System - LMBIS) मा प्रविष्टि नभएको वा

कार्यालयलाई यसको पहुँच नदिइएको हुँदा वजेट विनियोजन भएको क्रियाकलापको परिमाण, चौमासिक विभाजनको परिमाण जानकारी नहुने हुँदा कार्यक्रम कार्यान्वयनको भौतिक प्रगति निकाल्न सकिएन। वजेट कार्यान्वयनको वित्तिय प्रगति तलको तालिकामा प्रस्तुत गरिएको छ।

| क्र.सं. | व.उ.शी.नं. | शीर्षक | वजेट रकम (रु.) | खर्च (रु.) | वित्तिय प्रगति (%) |
|---|---|---|---|---|---|
| १ | ३६५००१०५३ | तलव, भत्ता लगायत प्रशासनिक खर्च | १,५५,३६,००० | १,१६,७५,०४३.४० | ७५.१४ |
| २ | ३६५००१०६३ | वहुक्षेत्रीय पोषण कार्यक्रम अनुगमन तथा समीक्षा | ६०,००० | ३४,९००.०० | ५८.१६ |
| ३ | ३०५०३०११३ | अनुगमन, मूल्याङ्कन खर्च | ६,००,००० | ४,२८,७५८.०० | ७१.४५ |
| जम्मा | | | १,६१,९६,००० | १,२१,३८,७०१.४० | ७४.९४ |

## २.५ निरिक्षण तथा अनुगमन

तीनै तहका सरकारहरुले जिल्लामा सञ्चालन गरेका कार्यक्रम, आयोजना वा सेवा प्रवाहको अनुगमन तथा मूल्याङ्कन गरी समस्या देखिएमा सम्बन्धित नियकायमा समाधानको सुझाव तथा पृष्ठपोषण गर्ने प्रमुख जिम्मेवारी जिल्ला समन्वय समितिको रहेको छ। यसै जिम्मेवारी पूरा गर्ने सिलसिलामा गत आर्थिक वर्षमा जिल्ला समन्वय समितिबाट तीनै तहका सरकारका निकायहरुबाट जाजरकोट जिल्लामा सञ्चालन गरिएका विभिन्न कार्यक्रम तथा आयोजनाहरुको निरिक्षण तथा अनुगमन गरिएको थियो। जिल्ला समन्वय समितिका पदाधिकारी, समितिको कार्यालयका कर्मचारी र कार्यक्रम आयोजना कार्यान्वयन गर्ने निकायका सम्पर्क कर्मचारीको समूह बनाई अनुगमन तथा मूल्याङ्कन गर्ने गरिएको थियो। सबैमा संभव हुन नसकेको भएता पनि कतिपय कार्यक्रम आयोजना कार्यान्वयन गर्ने उपभोक्ता समूह वा निर्माण व्यवसायी, कार्यक्रम वा आयोजनास्थलका लाभग्राही वर्गसँग समेत कार्यक्रम वा आयोजनाको सम्बन्धमा छलफल गरिएको थियो। वारेकोट गाउँपालिकामा अनुगमन तथा निरिक्षणको सिलसिलामा प्रमुख जिल्ला अधिकारीको समेत संलग्नता रहेको थियो।

जिल्ला समन्वय समितिको कार्यालयमा जिल्ला समन्वय अधिकारी सहित प्राविधिक कर्मचारीहरुको रिक्तताको कारण गत आर्थिक वर्षको दोश्रो चौमासिकसम्म अभिलेख रहनेगरी व्यवस्थित रुपमा अनुगमन तथा मूल्याङ्कन हुन सकेन। प्राय: सबै निकायहरुबाट सञ्चालन हुने कार्यक्रम तथा आयोजनाहरुले तेश्रो चौमासिकमा नै कार्यान्वयन तीव्रता पाउने प्रवृत्ति विद्यमान रहेको हुँदा दोश्रो चौमासिकसम्म अनुगमनको खासै औचित्य समेत थिएन। संवत २०८१ वैशाख ९ गते जिल्ला समन्वय अधिकारीको पदपूर्ति भएपछि वजेट व्यवस्थापन गर्ने, कार्यालयहरुबाट कार्यान्वयनमा रहेका कार्यक्रम तथा आयोजनाहरुको विवरण सङ्कलन गर्ने, अनुगमन प्रतिवेदन ढाँचा तयार गरी समन्वय समितिबाट स्वीकृत गराउने, सवारी साधन मर्मत गरी चालु हालतमा राख्ने आदि तयारीका कार्यहरु गर्दा एक महिनाको समय व्यतित भयो र २०८१ जेठ ८ गतेबाट पालिकागत रुपमा निरिक्षण तथा अनुगमन कार्य प्रारम्भ गरियो।

समन्वय समितिको कार्यालयमा रहेका दुबै इन्जिनियरिङ प्राविधिकको दरबन्दी रिक्त रहेको हुँदा विशेष गरी पूर्वाधार आयोजनाहरुको प्राविधिक अनुगमन तथा मूल्याङ्कन हुन सकेन। कार्यालयमा रहेका प्रशासनिक जनशक्ति र समितिका पदाधिकारीहरुबाट अप्राविधिक आँखाले प्रशासनिक तथा सामाजिक पक्षको निरिक्षण तथा अनुगमन गरियो। करिव १.५ महिनाको छोटो समयमा तीनै तहका सरकारहरुले जाजरकोट जिल्लामा सञ्चालन गरेका सबै कार्यक्रम तथा आयोजनाहरुको निरिक्षण तथा अनुगमन गर्न सकिएन। विशेष गरी कर्णाली प्रदेश सरकारका जाजरकोट जिल्लास्थित निकायहरुबाट जिल्लामा सञ्चालन गरेका कार्यक्रम तथा आयोजनाहरुको निरिक्षण तथा अनुगमन गरियो। संख्यात्मक रुपमा तीनै तहका सरकारबाट सञ्चालन भएका तपसिल वमोजिम संख्याका कार्यक्रम तथा आयोजनाको निरिक्षण गरियो।

<u>तपसिल</u>

| क्र.सं. | तहगत सरकार | कार्यक्रम संख्या | पूर्वाधार आयोजना संख्या | जम्मा संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | नेपाल सरकार | १ | ३ | ४ | |
| २ | कर्णाली प्रदेश सरकार | १५ | ७७ | ९२ | |
| ३ | स्थानीय तह | - | ४ | ४ | |
| ४ | दातृ निकाय | - | १ | १ | |
| | **कूल जम्मा** | **१६** | **८५** | **१०१** | |

माथिको तालिकामा उल्लेखित संख्यामा जिल्ला समन्वय समितिबाट निरिक्षण तथा अनुगमन गरिएका कार्यक्रम तथा आयोजनाहरुको नामावली तलको तालिकामा उल्लेख गरिएको छ।

| क्र.सं. | कार्यक्रम/आयोजनाको नाम | कार्यक्रम/आयोजनाको ठेगाना | कार्यान्वयन गर्ने तहगत सरकार | वजेट (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| १ | भगवती मा.वि. भवन निर्माण | वारेकोट-४, जिरी | कर्णाली प्रदेश | २०,००,००० | |
| २ | धनु प्रा.वि. भवन निर्माण | वारेकोट-८, कोल्यानी | कर्णाली प्रदेश | २०,००,००० | |
| ३ | कालिका प्रा.वि. भवन निर्माण | वारेकोट-५, तोलखाना | कर्णाली प्रदेश | २०,००,००० | |
| ४ | देउती बाल प्रा.वि. भवन निर्माण | वारेकोट-८, लैखाम | कर्णाली प्रदेश | २०,००,००० | |
| ५ | शंकर आ.वि. भवन निर्माण | वारेकोट-८, वण्डाला | कर्णाली प्रदेश | २०,००,००० | |
| ६ | सीता मा.वि. भवन निर्माण | वारेकोट-७, गराइलीचौर | कर्णाली प्रदेश | ५०,००,००० | |
| ७ | सीता मा.वि. खेल मैदान निर्माण | वारेकोट-७, गराइलीचौर | कर्णाली प्रदेश | १५,००,००० | |
| ८ | गोरख आ.वि. खेल मैदान निर्माण | वारेकोट-४, जिरी | कर्णाली प्रदेश | १५,००,००० | |
| ९ | हिमालय आ.वि. खेल मैदान निर्माण | वारेकोट-४, गोठगाउँ | कर्णाली प्रदेश | १५,००,००० | |
| १० | देउती वज्यै प्रा.वि. भवन निर्माण | वारेकोट-६, तासी | कर्णाली प्रदेश | २०,००,००० | |
| ११ | सीता मा.वि. भवन निर्माण | वारेकोट-६, कार्कीजीउला | कर्णाली प्रदेश | २०,००,००० | |
| १२ | विनिता कृषि फर्म | वारेकोट-१, आग्र | कर्णाली प्रदेश | ९६,००० | |
| १३ | परिवन तल्लो चौर सिंचाई आयोजना | वारेकोट-१, धौलाकोट | कर्णाली प्रदेश | ८,००,००० | |
| १४ | वारेकोट अर्गानिक कृषि फर्म | वारेकोट-१, आग्र | कर्णाली प्रदेश | ९६,००० | |
| १५ | कालिका आदर्श मा.वि. भवन निर्माण | वारेकोट-१, रामीडाँडा | कर्णाली प्रदेश | २०,००,००० | |
| १६ | नेपाल राष्ट्रिय प्रा.वि. भवन निर्माण | वारेकोट-२, सेरी | कर्णाली प्रदेश | २०,००,००० | |

| क्र.सं. | कार्यक्रम/आयोजनाको नाम | कार्यक्रम/आयोजनाको ठेगाना | कार्यान्वयन गर्ने तहगत सरकार | वजेट (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| १७ | पछ्याउरी-मूलसाम सडक निर्माण | वारेकोट-३, रुमसील | कर्णाली प्रदेश | १६,१६,४८२ | |
| १८ | तल्लो तलामा थेग्ने खोला तटबन्ध | वारेकोट-२, | कर्णाली प्रदेश | २०,००,००० | |
| १९ | दिपेन्द्र मा.वि. भवन निर्माण | वारेकोट-९, साल्म | कर्णाली प्रदेश | २०,००,००० | |
| २० | सेपुखोला लघु जलविद्युत आयोजना | वारेकोट-८, कोल्यानी | कर्णाली प्रदेश | ५०,००,००० | |
| २१ | वसन्ते मकै उत्पादन प्रदर्शन कार्यक्रम | नलगाड-७, चामाखेत | कर्णाली प्रदेश | वस्तुगत अनुदान | |
| २२ | ढानेपीपल सिंचाई आयोजना | नलगाड-७, ढानेपीपल | कर्णाली प्रदेश | ८,००,००० | |
| २३ | कालीमाटी-लहँ-नेटीलेख सडक निर्माण | नलगाड ४ र ५ | नेपाल सरकार | १,००,००,००० | |
| २४ | औल भगवती मन्दिर निर्माण | नलगाड-४, | कर्णाली प्रदेश | १०,००,००० | |
| २५ | वाघमारे सिंचाई आयोजना | नलगाड-४, | कर्णाली प्रदेश | १०,००,००० | |
| २६ | भानुभक्त प्रा.वि. भवन निर्माण | नलगाड-४, लहँ | कर्णाली प्रदेश | ५०,००,००० | |
| २७ | कालिका आदर्श आ.वि. भवन निर्माण | नलगाड-६, गर्छिना | कर्णाली प्रदेश | २०,००,००० | |
| २८ | नेपाल राष्ट्रिय प्रा.वि. भवन निर्माण | नलगाड-५, ऐरारी | कर्णाली प्रदेश | २०,००,००० | |
| २९ | सिके सिंचाई आयोजना | नलगाड-५, सिके | कर्णाली प्रदेश | ८,००,००० | |
| ३० | वाउसेखोला खानेपानी आयोजना | नलगाड-४, लहँ | नेपाल सरकार | ३०,००,००० | |
| ३१ | आधारभूत सामुदायिक स्वास्थ्य सेवा केन्द्र भवन निर्माण | नलगाड-४, | दातृ निकाय | १५,००,००० | |
| ३२ | ढिमे-मालुमेला-साँधिविसौना सडक स्तरोन्नती | कुशे-५ | कर्णाली प्रदेश | २५,२१,६८० | |
| ३३ | खुर्पा ठिमे खानेपानी योजना | कुशे-५, खुर्पा | कर्णाली प्रदेश | २५,००,००० | |
| ३४ | जुगेमुलादेखि सेराखेत सिंचाई | कुशे-८ | कर्णाली प्रदेश | २५,००,००० | |
| ३५ | सरुघाट तटबन्ध निर्माण | कुशे-८ | कर्णाली प्रदेश | ३०,००,००० | |
| ३६ | छोटीखोली-वयाखारा-आलाखेत सिंचाई | कुशे-८ | नेपाल सरकार | २५,००,००० | |
| ३७ | रामकृष्ण कृषि फर्म | कुशे-८ | कर्णाली प्रदेश | १,४०,००० | |
| ३८ | वगरखेत-पारीजन्तला-भाडकोट सडक | कुशे-८ | कर्णाली प्रदेश | ५०,००,००० | |
| ३९ | विजुलीडाँडा ऐराखेत देखि वारखेत सिंचाई | कुशे-८ | कर्णाली प्रदेश | ७,००,००० | |
| ४० | दिपेन्द्र मा.वि. भवन निर्माण | कुशे-६ | कर्णाली प्रदेश | ५०,००,००० | |
| ४१ | दुर्गादेवी मा.वि. भवन निर्माण | कुशे-६ | कर्णाली प्रदेश | ५०,००,००० | |
| ४२ | मालटाकुरा मा.वि. भवन निर्माण | कुशे-४, मालटाकुरा | कर्णाली प्रदेश | ६०,००,००० | |
| ४३ | घोग्याखोरिया घर्तीटोल पानकटेरा सिंचाई पोखरी निर्माण | कुशे-३ | कर्णाली प्रदेश | ६,००,००० | |
| ४४ | डाँडाभउता देखि सुरुङ् हलसम्म सडक निर्माण | कुशे-३ | कर्णाली प्रदेश | ४०,००,००० | |
| ४५ | भौताखोला ठाँटीखेत सिंचाई | कुशे-३ | कर्णाली प्रदेश | १०,००,००० | |
| ४६ | परिवन खोलादेखि धाराखोला वृहत सिंचाई | कुशे-९, पैंक | कर्णाली प्रदेश | २५,००,००० | |
| ४७ | नदाई प्रा.वि. भवन निर्माण | जुनीचाँदे-५ | कर्णाली प्रदेश | १५,००,००० | |

| क्र.सं. | कार्यक्रम/आयोजनाको नाम | कार्यक्रम/आयोजनाको ठेगाना | कार्यान्वयन गर्ने तहगत सरकार | वजेट (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| ४८ | बालेविना-लोडिवाना-मौला-कमेरा सडक | जुनीचाँदे-५ | कर्णाली प्रदेश | १९,१७,२३४ | |
| ४९ | भानुभक्त हिमालय मा.वि. घेरावार निर्माण | जुनीचाँदे-६, मैप | कर्णाली प्रदेश | १५,००,००० | |
| ५० | भानुभक्त हिमालय मा.वि. देखि रातीमाटी हुँदै वडा कार्यालय सम्म सडक निर्माण | जुनीचाँदे-६, मैप | कर्णाली प्रदेश | १५,००,००० | |
| ५१ | हिप्काखोला लघु जलविद्युत | जुनीचाँदे-६, मैप | कर्णाली प्रदेश | ४०,००,००० | |
| ५२ | नर्मरा-लुहादह-कोर्ताङ-जुनी सडक | जुनीचाँदे-४ | कर्णाली प्रदेश | २८,०५,७९२ | |
| ५३ | सानाखोला-साकिया कल्ली देखि पञ्चाला सडक | जुनीचाँदे-९ | कर्णाली प्रदेश | १४,१३,२५५ | |
| ५४ | आग्रा कृषि सिंचाई कूलो | जुनीचाँदे-३ | कर्णाली प्रदेश | १०,००,००० | |
| ५५ | वडा कार्यालयदेखि नारायणचौर पुल्ला सडक | जुनीचाँदे-१ | कर्णाली प्रदेश | १८,९३,१४६ | |
| ५६ | इन्द्रज्योति आ.वि. भवन निर्माण, | छेडागाड-१, साल्मा | कर्णाली प्रदेश | ४०,००,००० | |
| ५७ | हाडेबाड सिंचाई आयोजना | छेडागाड-१, हाडेबाड | कर्णाली प्रदेश | ५,००,००० | |
| ५८ | इन्द्रज्योति आ.वि. भवन निर्माण | छेडागाड-२, लडिखेल्न | स्थानीय तह | २०,००,००० | |
| ५९ | सुयाडा-वडा कार्यालय-खामालेख-खारा सडक | छेडागाड-२, बाटाचौर | स्थानीय तह | २२,००,००० | |
| ६० | लक्ष्मी मा.वि. भवन निर्माण | छेडागाड-२, अन्दरकोट | स्थानीय तह | ६०,००,००० | |
| ६१ | पौजा-घोगी-डाँडागउँ सडक | छेडागाड-८, उदिना | कर्णाली प्रदेश | १९,८२,००० | |
| ६२ | शिव आ.वि. भवन निर्माण | छेडागाड-८, डाँडागाउँ | कर्णाली प्रदेश | ५०,००,००० | |
| ६३ | राधेउ-लामातरा सडक स्तरोन्नती | छेडागाड-६, सुवानाउली | स्थानीय तह | ४०,००,००० | |
| ६४ | लोड्नी सडक निर्माण | छेडागाड-६, लोड्नी | कर्णाली प्रदेश | ७०,००,००० | |
| ६५ | जुजेकेउरा खेतडाव वडावन सिंचाई आयोजना | छेडागाड-५, वडावन | कर्णाली प्रदेश | १०,००,००० | |
| ६६ | मनघट-वाटुल्ले-छान्ने सल्ला-मन दह सडक स्तरोन्नती | छेडागाड-१०, नल्फु | कर्णाली प्रदेश | २३,५०,८६० | |
| ६७ | अन्नपूर्ण आ.वि. घेरावार निर्माण | छेडागाड-१०, नल्फु | कर्णाली प्रदेश | १०,००,००० | |
| ६८ | विपन्न घरवास कार्यक्रम | छेडागाड-११, औंलाकाटिया | कर्णाली प्रदेश | ४,००,००० | |
| ६९ | मिलवजार-मछ्याइना सडक स्तरोन्नती | छेडागाड-१० र ११ | कर्णाली प्रदेश | ७५,००,००० | |

| क्र.सं. | कार्यक्रम/आयोजनाको नाम | कार्यक्रम/आयोजनाको ठेगाना | कार्यान्वयन गर्ने तहगत सरकार | वजेट (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| ७० | खसी बोका मूल्य श्रृङ्खला कार्यक्रम | शिवालय-२, सालढाक्ने | नेपाल सरकार | ७,१३,९६६ | |
| ७१ | सालढाक्ने साना सिंचाई आयोजना | शिवालय-२, सालढाक्ने | कर्णाली प्रदेश | ११,७५,९५४ | |
| ७२ | मोर्क-स्यापी-सिस्ने-नेपा सडक | शिवालय-२, नेपा | कर्णाली प्रदेश | १५,९५,८७० | |
| ७३ | चचुवाले सिंचाई आयोजना | शिवालय-२, नेपा | कर्णाली प्रदेश | ८,००,००० | |
| ७४ | इन्द्रधनुष आ.वि. भवन निर्माण | शिवालय-३, सीमा | कर्णाली प्रदेश | ५०,००,००० | |
| ७५ | लाटागाडे डाँडागौरा साना सिंचाई | शिवालय-३, सीमा | कर्णाली प्रदेश | ११,८१,८९१ | |
| ७६ | वसन्त कृषक समूह | शिवालय-३, सीमा | कर्णाली प्रदेश | २,७६,००० | |
| ७७ | जाम्ना-काँडाचौर औद्योगिक सडक | शिवालय-४, जाम्ना | कर्णाली प्रदेश | १६,३१,६०० | |
| ७८ | कल्याण खोला पक्की पुल | शिवालय-५ र ७ जोड्ने स्थान | कर्णाली प्रदेश | | |
| ७९ | खड्गदेवी मा.वि. भवन | शिवालय-६, टुनीवजार | स्थानीय तह | ४०,००,००० | |
| ८० | खड्गदेवी मा.वि. भवन | शिवालय-६, टुनीवजार | कर्णाली प्रदेश | ४०,००,००० | |
| ८१ | छेडा-कचाली सडक निर्माण | शिवालय १-७ | कर्णाली प्रदेश | | |
| ८२ | वाँसखोला-वुर्दा गाउँ सडक | शिवालय-७, बुर्दा | कर्णाली प्रदेश | २४,२९, ४६० | |
| ८३ | जिल्ला समन्वय समितिदेखि ठाँटी सडक RCC | खलंगा-३ | कर्णाली प्रदेश | २८,७५,८८५.६८ | |
| ८४ | पीपलको रुख देखि काजिवाडा हुँदै ठाँटी सडक RCC | खलंगा-३ | कर्णाली प्रदेश | २२,२२,३०६.६२ | |
| ८५ | जाजरकोट दरवार संरक्षण | खलंगा-३ | कर्णाली प्रदेश | १८,२३,०११.८८ | |
| ८६ | वि.पी. शान्ति वाटिका घेरावार तथा उद्यान निर्माण | भेरी-४, | कर्णाली प्रदेश | १७,९४,६७७.१५ | |
| ८७ | सयपत्री वहुउद्देश्यीय कृषक समूह | भेरी-१, | कर्णाली प्रदेश | १०,००,००० | |
| ८८ | रोडकरिडोर कार्यक्रम | भेरी-१, | कर्णाली प्रदेश | २,००,००० | |
| ८९ | मत्स्य प्रवर्द्धन कार्यक्रम | भेरी-१, | कर्णाली प्रदेश | २५०० भुरा अनुदान | |
| ९० | मध्य पहाडि रोड करिडोर कार्यक्रम | भेरी-१२ | कर्णाली प्रदेश | २,००,००० | |
| ९१ | घारीखोला-कुरेली-वोहरागाउँ सिंचाई कूलो मर्मत | भेरी-४, वोहोरा | कर्णाली प्रदेश | ८,००,००० | |
| ९२ | माथिल्लो वाउनको कुमथदेखि ठूलाखेत सिंचाई आयोजना | भेरी-५, | कर्णाली प्रदेश | ८,००,००० | |
| ९३ | माटो सुधारको लागि जैविक मल वीउ अनुदान | भेरी-१२, | कर्णाली प्रदेश | जैविक मल वीउ अनुदान | |
| ९४ | भेरी कास्तरा कृषक समूह | भेरी-११, | कर्णाली प्रदेश | २,४८,३७० | |
| ९५ | मालभोग केरा उत्पादन प्रवर्द्धन कार्यक्रम | भेरी-४, | कर्णाली प्रदेश | ४०,००० | |
| ९६ | ताजा तरकारी कृषक समूह | भेरी-१, | कर्णाली प्रदेश | ५०,००० | |

| क्र.सं. | कार्यक्रम/आयोजनाको नाम | कार्यक्रम/आयोजनाको ठेगाना | कार्यान्वयन गर्ने तहगत सरकार | वजेट (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| ९७ | सूर्योदय मौरी तथा फलफूल फर्म | भेरी-१, | कर्णाली प्रदेश | ८३,५८० | |
| ९८ | कट्टीगाउँ दलितवस्ती लिफ्ट खानेपानी आयोजना | भेरी-११, | कर्णाली प्रदेश | ५८,००,००० | |
| ९९ | फल्यानी खानेपानी आयोजना | भेरी-४, | कर्णाली प्रदेश | ६,६०,००० | |
| १०० | पाखेमूल वोहोरा खानेपानी आयोजना | भेरी-४, वोहोरा | कर्णाली प्रदेश | १६,५०,००० | |
| १०१ | राङ्सी तिमिले स्कीम २ खानेपानी आयोजना | भेरी-४, राङ्सी | कर्णाली प्रदेश | १५,००,००० | |

## २.६ निरिक्षण तथा अनुगमनको क्रममा देखिएका तथ्य र समस्याहरु

जाजरकोट जिल्लाका सातैवटा पालिकाहरुमा सञ्चालन भएका कार्यक्रम तथा आयोजनाहरुको निरिक्षण तथा अनुगमनका क्रममा देखिएका तथ्यहरु र निरिक्षण तथा अनुगमनकर्ताहरुले महसूष गरेका समस्याहरु तलको वुँदाहरुमा उल्लेख गरिएका छन्-

१. कार्यक्रम तथा वजेट स्वीकृत भएका करिव सबै आयोजनाहरुको कार्यान्वयन प्रारम्भ गरिएको छ। नगण्य सडक र खानेपानी सम्बन्धी आयोजनाहरुमा उपभोक्ता समिति विवाद, जग्गा तथा मुआब्जा विवाद, आयोजना आवस्यक नभएको जस्ता कारणले कार्यान्वयनमा जान सकेका छैनन।

२. विगतका वर्षहरुमा सञ्चार माध्यममा यदाकदा सुनिने र पढिने जस्तो आयोजनास्थलमा काम नगर्ने र कागजमा मात्र काम देखाई भुक्तानी गरेका आयोजनाहरु देखिएनन्।

३. जाजरकोट जिल्लास्थित विषयगत कार्यालयहरु र स्थानीय तहहरुले सञ्चालन गरे कार्यक्रमका तथा आयोजनाहरुको जिल्ला समन्वय समितिबाट अनुगमन हुनुले कार्यान्वयन निकायहरुलाई समयमा नै गुणस्तरीय निर्माण कार्य गर्न नैतिक तथा कानूनी दवाव सृजना भएको छ।

४. संवत २०८० कार्तिक १७ गतेको भूकम्पबाट घर क्षति भएका परिवारको लागि अस्थायी आवास बनाइदिने सरकारी प्रयास र यस प्रयासमा विकास साझेदार र गैर सरकारी संस्थाहरुको हातेमालो प्रसंशनीय देखियो। अधिकांश परिवारको लागि अस्थायी आवास बनेको समेत देखियो। यस अस्थायी आवास भूकम्प पीडितको आवस्यकता, चाहना र प्राथमिकतामा थियो कि थिएन प्रश्न सृजना भएको छ। किनभने करिव ९० प्रतिशत अस्थायी टहराहरु प्रयोगविहीन छन। यदि प्रयोग भएका छन भने घाँस, दाउरा, खर, पराल राख्न, होटलको भान्सा गर्न, चौपाया बाँधन आदि।

५. नेपाल सरकारको कृषि क्षेत्र विकास कार्यक्रम, कर्णाली प्रदेश सरकारको रोड करिडोर कार्यक्रम अन्तरगत कृषकहरुलाई अनुदान उपलब्ध गराइ उन्नत खोर बनाइदिएकोमा किसानहरु खुशी देखिन्छन्। तर, खोरमा राख्ने बाखा नभएको वा न्यून सँख्यामा रहेको देखियो। सगोलमा हुँदा बनाइएको खोर अंशवण्डा हुँदा बाखा नै नभएको भाईको भागमा परेकोले उक्त खोर गाउँले जम्मा भई तास खेल्ने स्थानको

रुपमाप्रयोग भएको समेत देखियो। किसानहरुले उन्नत बाख्रा, बोका र बाख्रा नुहाउने डिपिङ ट्याङ्कीको माग गरेका छन्।

६. जनताले माग्दै नमागेका र आवस्यकता नै नभएका केही आयोजनाहरुमा समेत वजेट विनियोजन भएको हुँदा कार्यान्वयनमा जाँदा स्थानीय जनता वा लाभग्राहीबाट आयोजना अस्वीकार भएको वा कार्यान्वयनमा असहयोग गरेको, समन्वय र साझेदारी नगरेको देखियो र कार्यान्वयन निकायहरुको गुनासो समेत सुनियो।

७. वढिमा आधा घण्टाको दूरीमा सडकसम्मको पहुँच पुग्नेगरी सडक निर्माण गर्ने सिद्धान्त विपरित केही स्थानहरुमा १०-१५ मिनटकै दूरीमा आवस्यकता भन्दा बढि समानान्तर सडक ट्र्याक खोलिएको छ यसले एकातर्फ वन जंगल तथा आर्थिक श्रोतको नोक्सानी भएको छ भने अर्कोतर्फ वस्तीहरु भू-क्षयको जोखिममा परेका छन्।

८. कुनै पनि घर र गाउँ नभएको स्थानमा कुनै प्रभावशाली नेताको व्यापार केन्द्रसम्म पुग्नको लागि मात्र वन-जंगल, हरियाली तथा प्राकृतिक सुन्दरतामा क्षति गर्दै, पहिरोको जोखिम निम्त्याउँदै कर्णाली प्रदेश सरकारको ठूलो रकम बाटो खन्नमा प्रयोग भएको समेत देखिएको छ।

९. माटोको कमजोर स्वरुप, बाटो खन्न अनुपयुक्त ठाडो पहाड, इन्जिनियरिङ विश्लेषण र सुझाव समेतलाई बेवास्ता गर्दै स्थानीय तहका जनप्रतिनिधिहरुले जिद्दी गरी अनुपयुक्त स्थानमा गत विगत आर्थिक वर्षमा बाटो खनेको र बाटोको भिरालोपनाको कारण चार पङ्ग्रे सवारी साधन चढ्न नसकेकोले गत आर्थिक वर्षमा फेरी अर्को स्थानबाट बाटो खनेको देखियो। जनप्रतिनिधिको कुतर्क तथा जिद्दीको कारण प्राविधिक रुपमा अनुपयुक्त बाटोमा गरेको लगानी खेर गएको छ।

१०. बाटो चौडा गर्दा नोक्सान हुने घरको क्षतिपूर्ति कर्णाली प्रदेश सरकार वा अन्तरगतका निकायहरुबाट उपलब्ध नगराइने जानकारी जिल्लास्थित कार्यान्वयन निकायबाट पाइयो। बाटो विस्तारको क्रममा बाटोमा घर, गोठ, झुप्रो जस्ता संरचना भएका धनीले संरचना हटाउन नमान्दा बाटो विस्तार कार्य अवरुद्ध भएका छन्। कार्य सम्पन्न गरिएका सडकहरुमा घर परेका स्थानहरुमा बाटो साँघुरो बनाई कार्य सम्पन्न गरेको देखियो। जनताले विकास चाहने तर विकासको लागि कुनै पनि त्याग गर्न नचाहने प्रवृत्तिले विकासमा अवरोध भइरहेको छ।

११. एक कार्यकालको जनप्रतिनिधि वा कुनै एक पार्टीको नेता तथा कार्यकर्ताले बनाएको बाटो वा पूर्वाधार अर्को कार्यकाल वा फरक पार्टीको जनप्रतिनिधि वा नेता तथा कार्यकर्ताले स्वीकार नगरेर सोही प्रयोजनको लागि पुन: अर्को अनावस्यक बाटो वा पूर्वाधार बनाएको समेत सुनियो।

१२. बनाइएका सिंचाई पोखरीबाट केही किसानहरुले लाभ लिईरहेका छन्। तर, अधिकांश सिंचाई आयोजनाहरु पानीको दिगो श्रोतको विश्लेषण र आंकलन नगरी बनाइएका छन्। निर्माण भएका सिंचाई आयोजनाहरुमा निरिक्षण तथा अनुगमनको समयमा कुनैमा पानीको श्रोत सुकिसकेको र कुनैमा अत्यन्त सानो धारा खसिरहेको थियो। एकै घरका छुट्टिएका ३ भाइ समेत पाँच घरको लागि मात्र पनि यस्तै प्रकारको सिंचाई आयोजना निर्माण भएको देखियो।

१३. विभिन्न निकायहरुबाट कार्यान्वयन हुने आयोजनाहरुमा वजेट पारिदिने आस्वासनमा सरकारका मन्त्री, प्रभावशाली नेता, कार्यकर्ताका नजिकका नातेदार तथा नजिक सम्बन्ध भएका व्यक्तिहरुले उपभोक्ताहरुबाट आयोजना स्वीकृति तथा वजेट पूर्व नै कमिशन वापत रकम उठाउने गरेको जानकारी र गुनासो सुनियो।

१४. एकल वा समूहगत रुपमा नगद वा वस्तुगत कृषि अनुदान प्राप्त गर्दा अनुदान प्राप्त गर्ने कृषकहरु खुशी देखिन्छन्। समूहका सबै कृषकहरु उत्तिकै सकृय नहुँदा वस्तुगत अनुदानको उचित उपयोग नभएको देखियो। अनुदानका लागि कृषक छनौट र वितरण कार्य विधि र पद्दतीमा आधारित नभई चिनजान, आफ्नो मान्छे, भनसून तथा प्रभावमा आधारित नभएको भन्ने किसानको गुनासो र असन्तुष्टि सुनियो।

१५. केही स्थानमा समपूरण वा संयुक्त आयोजना वाहेकका एकै आयोजनामा पनि संघ र प्रदेश वा प्रदेश र स्थानीय तह वा संघ र स्थानीय तहको दोहोरो लगानी भएको छ। यसबाट आयोजना छनौट र वजेट विनियोजनमा तहगत सरकारहरुवीच समन्वय र साझेदारी नभएको तथ्य स्पष्ट हुन्छ।

१६. आषाढमा अनुगमन गर्दा पनि केही आयोजनाहरु भरखरै शुरु भएको देखियो। यसबारे कार्यान्वयन निकायसँग चासो राख्दा बैशाख जेठमा कार्यक्रम तथा वजेट प्राप्त भएकोले भन्ने जानकारी प्राप्त भयो।

१७. विपन्न घरवास कार्यक्रम अन्तरगत सम्बन्धित स्थानीय तहले गरेको लाभग्राही छनौट उपयुक्त देखिएन। पहिलेदेखि नै राम्रै घर भएको, सरकारी पारिश्रमिक उपभोग गरिरहेको व्यक्तिलाई समेत लाभग्राहीको रुपमा छनौट गरी घर बनाइएको छ।

१८. छेडागाड नगरपालिका वार्ड नं. ८, डाँडागाउँ स्थित शिव प्रा.वि. भवन निर्माण गर्न उपयुक्त र पर्याप्त जग्गाको अभावमा भवन निर्माण गर्न लाग्ने भन्दा बढि लागतमा सुरक्षा दिवाल (Protection Wall) लगाई भवन निर्माण गरिएको छ।

१९. गत आ.व. मा निर्माण भएका केही विद्यालय भवन निर्माणको लागि उपयुक्त र पर्याप्त जग्गा नभएको कारण पहाड काटेर जग्गा निकाल्नुपर्दा उपलब्ध गराएको रकम भवनको लागि अपर्याप्त भएको छ। निर्माण भएका भवनहरुको पीलर तथा वीम वाङ्गो देखिएका, झ्याल ढोकाका चौकस वाङ्गो राखिएका, पर्याप्त पानी नहालिएको, प्लाष्टर तथा रंगरोगनमा राम्रो फिनिसिङ नदेखिएको आदि हेर्दा भवन निर्माणस्थलमा प्राविधिकको निरन्तर उपस्थिति रहेको देखिंदैन।

२०. अधिकांश विद्यालयहरु निर्माणको लागि कार्यालयले विद्यालय व्यवस्थापन समितिसँग सम्झौता गरेको र विद्यालय व्यवस्थापन समिति आफैले कार्य नगरी पुन: निर्माण व्यवसायीसँग ठेक्का सम्झौता गरेको देखियो। खराब बाटो र टाढबाट निर्माण सामाग्री ढुवानी लागत वढि लागेको, जिल्ला बाहिरबाट डकर्मी ल्याउनुपर्दा ज्याला वढि लागेको आदि कारण देखाई संरचनाको गुणस्तरमा सम्झौता गरेको देखिन्छ।

२१. कर्णाली प्रदेश सरकारबाट गत विगत आर्थिक वर्षहरुमा वजेट विनियोजन भई कार्य प्रारम्भ भएका शिवालय गाउँपालिका वार्ड नं. ५ र ७ जोड्ने कल्याण खोला पुल, छेडागाड नगरपालिका वार्ड नं. १ स्थित साल्मा खोला पुल, शिवालय गाउँपालिका वार्ड नं. ६, टुनीवजार स्थित खड्गदेवी मा.वि. भवन, छेडागाड नगरपालिका वार्ड नं. १ को गाउँसाल्मा स्थित इन्द्रज्योति मा.वि. भवन ठेकेदारको लापरवाही, विद्यालय व्यवस्थापन समिति विवाद, विद्यालय गाभ्ने निर्णय आदिका कारण निर्माण कार्य हालसम्म पनि पुरा हुन सकेका छैनन्।

२२. स्थानीय जनताले प्रयोग गर्ने पूर्वाधारहरु स्थानीय जनताकै सहभागितामा निर्माण भयो भने यसमा स्थानीय जनताको अपनत्व, ममत्व र स्वामित्व कायम हुन्छ, स्थानीय जनताकै संलग्नता र निगरानीमा पूर्वाधार निर्माण हुँदा गुणस्तर समेत कायम हुन्छ र दिगो पूर्वाधार निर्माण हुन्छ भन्ने सुन्दर मनसायका साथ नेपाल सरकारले पूर्वाधारबाट प्रत्यक्ष लाभ प्राप्त गर्ने उपभोक्ताहरुमध्येबाटै उपभोक्ता समिति गठन गरी विशिष्ट प्रविधि र प्राविधिक दक्षता आवस्यक श्रममूलक पूर्वाधारहरु उपभोक्ता समितिबाटै निर्माण गर्न सकिनेगरी कानूनी व्यवस्था गऱ्यो र सोही वमोजिम अभ्यास समेत गरियो। यसबाट केही नतिजा राम्रो आए पनि अधिकांश उपभोक्ता समितिहरुले यस ब्यवस्थालाई विकासमा राजनीतिकरण गर्ने र आर्थिक लाभ लिने सुनौलो अवसरका रुपमा लिएको समेत देखिएको छ।

२३. उपभोक्ता समितिबाट निर्माण प्रयास गरिएका कतिपय पूर्वाधारहरुमा उपभोक्ता समिति गठनमै विवाद भएको, गठन भई कार्य प्रारम्भ भएकामा मुद्दा मामिलाको कारण कार्य अवरुद्ध भएको, निर्माण सम्पन्न भएकोमा परिमाण नपुग र कमजोर गुणस्तर, कामै नगरेर कार्य सम्पन्न प्रतिवेदन र भुक्तानी गर्न कार्यालयलाई दवाव दिने जस्ता समस्याहरु उपभोक्ता समितिमा देखिएका छन्।

२४. गत आ.व. मा भेरी नगरपालिकाले मात्र भेरी नदिको दुई स्थानबाट ढुङ्गा, गिट्टी र वालुवा उत्खनन, सङ्कलन तथा विक्री वितरणको ठेक्का सम्झौता गरेको र अन्य पालिकाहरुले गरेका थिएनन्। भेरी नगरपालिकाले भेरी नदिको पासागाड र लामितारा बाहेक अन्य स्थानहरुबाट वडा कार्यालयहरु मार्फत आफै राजस्व सङ्कलन गरी विक्री वितरण गरेको र अन्य पालिकाहरुले समेत आफै राजस्व सङ्कलन गरी विक्री वितरण गरेको जानकारी प्राप्त भयो।

२५. सबै पालिकाले नदिजन्य प्राकृतिक श्रोत विक्री वितरणको कार्य ठेक्का मार्फत गरेको देखिएन। श्रोत उत्खनन गर्ने संभावना भएको नदि र स्थान पर्याप्त नभएको, संभवना भएको स्थानको लागि ठेक्का आव्हान गर्दा प्रस्ताव नै नपर्ने समस्याको कारण भेरी नगरपालिका बाहेक अन्यले ठेक्का समझौता गरेको पाइएन। उत्खनन र सङ्कलन आफैले गरी विक्री वितरणको कार्य मात्र व्यवसायी ठेकेदारबाट गराउनु पर्नेमा भेरी नगरपालिका स्थित भेरी नदिको छेउ लामितारा, कालेगाउँमा ठेकेदार र ट्र्याक्टर व्यवसायी आफैले उत्खनन, सङ्कलन र विक्री वितरणको कार्य गरेको देखियो। उत्खनन स्थानमा मेशिनबाट खाल्डो बनाई उत्खनन गरिएको, सडक, पुल जस्ता संरचनाबाट दूरी सम्बन्धी मापदण्ड पालना नभएको देखिएको थियो।

## २.७ निरिक्षण तथा अनुगमनबाट भएका सिकाई र सुझावहरु

जिल्ला समन्वय समितिका पदाधिकारी, कर्मचारी र सरोकारवालाहरुबाट यस जिल्लाका सातैवटा पालिकाहरुमा सञ्चालन भएका कार्यक्रम तथा आयोजनाहरुको निरिक्षण तथा अनुगमनका क्रममा देखिएका तथ्यहरु र समस्याहरुको आधारमा तलको वुँदाहरुमा केही सुझाहरु प्रस्तुत गरिएका छन्-

## २.७.१ आयोजना पहिचान र योजना तर्जुमा सम्बन्धी सुझावहरु

१. जनताको आवस्यकता, विकासको चाहना, आयोजना क्षेत्रको वस्तुस्थिति अध्ययन, तथ्य तथा तथ्याङ्क विश्लेषणको आधारमा आयोजनाको पहिचान हुनु पर्दछ। पूर्तिको आधारमा नभई आवस्यकता र मागको आधारमा आयोजनाको पहिचान गरिनु पर्दछ।

२. स्थानीय आवस्यकता, आयोजनाको संभाव्याता, कार्यान्वयनयोग्यताको आधारमा आयोजनाको सूची (आयोजना बैंक) तयार गरी बैंकमा भएका आयोजना छनौट गरी वजेट विनियोजन गरिनु पर्दछ। यसबाट आयोजना छनौटमा हुने अस्वभाविक चलखेल, पद र ओहोदाको दुरुपयोग, आर्थिक लेनदेन, विचौलिया प्रभाव अन्त्य हुन सक्छ।

३. आयोजना पहिचानको मुख्य श्रोत स्थानीय तह हुनु पर्दछ। स्थानीय तहहरुले वस्तीस्तरको भेला मार्फत पहिचान गरेका आयोजनाहरुमा नै तीनै तहका सरकारहरुले वजेट विनियोजन गरी कार्यान्वयन गर्ने अभ्यास उपयुक्त हुन्छ। स्थानीय तहले पहिचान गरेका आयोजनाहरुमा पहिले स्थानीय तहले वजेट विनियोजन गर्ने, स्थानीय तहको श्रोतबाट संभव नहुने आयोजनाहरु प्रदेश सरकारमा पठाउने र प्रदेश सरकारको श्रोतबाट समेत संभव नदेखिएका आयोजनाहरु सङ्घीय सरकारमा पठाउने व्यवस्था उपयुक्त हुन्छ।

४. माथिको बुँदा कार्यान्वयनको लागि तलबाट माथि सर्ने योजना प्रणाली (Bottom Up Planning) उपयुक्त हुन्छ, जुन नेपालमा सङ्घीयता अघी १४ चरणको योजना तर्जुमा प्रणालीमा थियो। अहिले नेपालको योजना प्रणाली माथिबाट तल सर्ने (Top Down Planning) रहेको छ, यस प्रणाली परिमार्जन गर्न आवस्यक छ। यो प्रणालीको अवलम्वनबाट विभिन्न तहगत सरकार, विकास साझेदार, दातृ निकाय र गैर सरकारी संस्थाहरुले एकै कार्यक्रम वा आयोजनामा दोहोरो लगानी गर्ने समस्या समेत समाधान हुन्छ।

५. अहिले नेपालमा उपलब्ध श्रोतको आधारमा वजेट विनियोजन गर्ने गरिएको छ, जुन उपयुक्त विधि होइन। आयोजना बैंकमा सूचीकृत गर्दा तयार गरिएको लागत अनुमानको आधारमा पर्याप्त वजेट विनियोजन हुनु पर्दछ। यसबाट वजेट अभावमा आयोजना वीचमै अधुरो रहने समस्या हल हुन्छ।

## २.७.२ आयोजना कार्यान्वयन सम्बन्धी सुझावहरु

१. आर्थिक वर्षको प्रारम्भमा नै कार्यान्वयन निकायमा वजेट तथा कार्यान्वयनको अख्तियारी, मार्गदर्शन पठाउनु पर्दछ। कार्यान्वयन निकायले पहिलो चौमासिकमा कार्ययोजना, खरिद योजना, लागत अनुमान तयरी र खरिद प्रकृया टुङ्गयाई दोश्रो चौमासिकबाट पूर्वाधार निर्माणको कार्य प्रारम्भ गरिसक्नु पर्दछ।

२. कार्यान्वय कार्ययोजना सँगै अनुगमन तथा मूल्याङ्कन कार्ययोजना समेत तयार गर्नु आवस्यक हुन्छ। कार्यान्वयन कार्ययोजनाको अनुसरण गर्दै कार्यान्वयन गर्नु पर्दछ।

३. कार्यान्वयनका क्रममा सृजना हुने उपभोक्ता समिति गठन सम्बन्धी, जग्गा र मुआब्जा सम्बन्धी, वनजंगल क्षेत्र सम्बन्धी विवादहरु स्थानीय जनता, स्थानीय तह र सरोकारवालाहरुको समन्वयमा समाधान गर्न कार्यान्वयन निकायले सहजीकरण गरिदिनु पर्दछ।

४. उपभोक्ता समितिलाई पेश्की उपलब्ध नगराइएकोले श्रोत अभावमा कतिपय ठूला वजेटका आयोजनाहरु कार्यान्वयन नभएको, ढिला कार्यान्वयन भएको, उपभोक्ताहरु ऋणमा डुवेको जस्ता समस्याहरु देखिएकोले पेश्की रकम दुरुपयोग नहुने सुनिश्चित गरी निश्चित रकम उपभोक्ताहरुलाई पेश्की उपलब्ध गराउन आवस्यक देखिएको छ।

५. निर्माण हुने पूर्वाधारको लागत अनुमान तथा स्पेशिफिकेशन अनुसार परिमाण तथा गुणस्तर कायम गर्न कार्यस्थलमा प्राविधिक निरन्तर उपस्थित हुने व्यवस्था मिलाउन आवस्यक देखिएको छ।

६. कार्यान्वयनको प्रगतिको प्राविधिक मूल्याङ्कनको आधारमा निर्माण व्यवसायी तथा उपभोक्ता समितिलाई सम्झौता अनुसारको रकम भुक्तानीमा ढिलाई गर्नु हुँदैन।

७. संघीय सरकारको कृषि क्षेत्र विकास कार्यक्रम (ASDP) बाट सञ्चालन गरिएका कृषि तथा पशुपालन सम्बन्धी आर्थिक तथा प्राविधिक सहयोगप्रति स्थानीयको सकारात्मक प्रतिकृया रहेको छ। प्राकृतिक प्रकोप, अतिवृष्टि तथा अनावृष्टिबाट उत्पादन वा सुरक्षित भण्डारण अघि नै वाली क्षति भई कृषकको लगानी खेर जान नदिन कृषि वीमालाई प्रभावकारी बनाउने, उत्पादनको सुरक्षित भण्डारण गर्ने, वजार सम्म पुऱ्याउने र कृषकलाई उचित मूल्य दिलाउने कार्यमा बढि ध्यान पुऱ्याउनु पर्ने आवस्यकता देखिएको छ।

## २.७.३ अनुगमन तथा मूल्याङ्कन सम्बन्धी सुझावहरु

१. अनुगमन तथा मूल्याङ्कन कार्ययोजना अनुसार अनुगमन तथा मूल्याङ्कन गर्ने जनशक्ति तोकी अधिकार तथा श्रोत साधन उपलब्ध गराउनु पर्दछ।
२. कार्ययोजनामा उल्लेखित तालिका, सूचक र तरिका अनुसार अनुगमन तथा मूल्याङ्कन गर्ने।
३. अनुगमन तथा मूल्याङ्कनको क्रममा देखिएका असल कार्यहरु, समस्या, समस्याका कारणहरु र समस्या समाधान गर्ने उपाय सहितको यथार्थ प्रतिवेदन कार्यान्वयन निकायमा पेश गर्ने।
४. अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनमा गरिएका सुझावहरु कार्यान्वयन निकाय, उपभोक्ता समिति, निर्माण व्यवसायी र सरोकारवाला सबैले पालना गर्ने।
५. सम्झौता तथा कार्ययोजना अनुसार कार्य गर्ने उपभोक्ता समिति तथा निर्माण व्यवसायीलाई सम्मान तथा पुरस्कृत गर्ने र कार्य नगर्ने, काममा ढिलासुस्ती गर्ने, काम अलपत्र छाड्ने, गुणस्तरीय कार्य नगर्ने उपभोक्ता समिति तथा निर्माण व्यवसायीलाई कानून अनुसार दण्डित गर्ने।

## २.७.४ अन्य सुझावहरु

नयाँ बनाइएका सिंचाई पोखरीहरुमा पानीको अभाव देखिएको छ। यी पोखरीहरुमा पर्याप्त पानीको दिगो श्रोतको खोजी गर्नु अत्यावस्यक देखिएको छ।

१. प्राविधक दक्षता र मेशिन तथा उपकरण आवस्यक नपर्ने र स्थानीयले रोजगारी प्राप्त गर्ने भएकोले श्रममूलक सामान्य पूर्वाधार निर्माण गर्न उपभोक्ता समितिलाई दिइएकोमा उपभोक्ता समितिले डोजर, एक्साभेटर जस्ता ठूला मेशिन प्रयोग गर्ने, पुन: ठेकेदारलाई ठेक्का दिने अर्कोतर्फ गुणस्तर समेत कायम नहुने हो भने उपभोक्ता समितिबाट निर्माण गराउनुको औचित्य देखिंदैन। उपभोक्ता समितिबाट पूर्वाधार निर्माण गराउने सम्बन्धी व्यवस्थामा पनरावलोकन र कडाइ हुनु आवस्यक छ।

२. वारेकोट गाउँपालिकाको केन्द्र लिम्सादेखि वडा नं. ३ को कार्यालय हुँदै जुम्ला जोड्ने सडकको वडा कार्यालय नजिक ठूलो चट्टान परेकोले मानव श्रम र एक्साभेटरबाट चट्टान फोड्न नसकी निर्माण कार्य अवरुद्ध भएको छ। चट्टान फोड्नको लागि विस्फोटक पदार्थको प्रयोग गर्नुपर्ने आवस्यकता देखिएको छ।

३. राजनीतिक दलका नेता तथा कार्यकर्ताहरुले आयोजनालाई भोट किन्ने साधनको रुपमा प्रयोग गर्न खोजेकोले विचौलियाबाटै आयोजना छनौट हुने र सम्बन्धित निकायबाट सोही छनौटलाई अनुमोदन गर्दै वजेट विनियोजन हुने गरेको तीतो यथार्थको अन्त्य गरिनुपर्छ।

४. आफ्नो मतदाता, कार्यकर्ता, पार्टी भएको कारणबाट विपन्न घरवास, जनता आवास, कृषि अनुदान कार्यक्रम अन्तरगतका लाभग्राही छनौट नगरी कानून र लाभग्राही छनौट मापदण्ड अनुसार योग्य हुने वास्तविक घरवासविहीन तथा विपन्न नागरिकलाई मात्र लाभग्राही छनौट गर्नु पर्दछ।

५. ट्र्याक खोलिएका सडक स्तरोन्नती नगरी अनावश्यक नयाँ नयाँ ट्र्याक खोलिंदा ट्र्याक खोलेको ५-१० वर्ष भइसकेका सडकहरु पनि सडकको भौतिक अवस्था र पुलको अभावले वर्षैभरी सञ्चालन हुन नसक्ने छन्। यसले अन्य विकास तथा दैनिक जीवनका सामाग्री ढुवानीमा कठिनाई भएको छ। त्यसैले ट्र्याक खोलिएका सडकहरुको स्तरोन्नती, पीच गरी र नदि तथा खोलाहरुमा पुल निर्माण गरी वर्षैभरी सञ्चालन हुन सक्ने स्तरीय सडक बनाएर मात्र अर्को नयाँ ट्र्याक खोल्न उपयुक्त हुन्छ।

६. जाजरकोट जिल्लामा भएका कर्णाली प्रदेश सरकारका कार्यालयहरु र स्थानीय तहहरुमा स्वीकृत दरबन्दी अनुसारका कार्यालय प्रमुख र अन्य कर्मचारीहरुको पद रिक्त रहेको हुँदा एकातर्फ कार्यालयहरुमा प्रशासनिक तथा प्राविधिक विज्ञता, दक्षताको कमी देखिएको छ भने अर्कोतर्फ राजनीतिक दल तथा कार्यकर्ता र हीत समूहहरुबाट हुने अबाञ्छित दवाव सामना गर्दै र आर्थिक अनुशासन कायम गर्दै सेवा प्रवाह गर्न समस्या देखिएकोले रिक्त कार्यालय प्रमुख र अन्य पदहरु अविलम्व पूर्ति गर्न आवस्यक देखिएको छ।

७. आयोजना निर्माण सम्झौता गरी निर्माणमा ढिलसुस्ती गर्ने, विचमै अलपत्र पार्ने निर्माण व्यवसायी तथा उपभोक्त समितिहरुलाई सार्वजनिक खरिद कानून अनुसार कानूनी कारवाही गर्दै निर्माण रोकिएका आयोजनाहरु शीघ्र सम्पन्न आवस्यक छ। समयमा काम प्रारम्भ गरी कार्यतालिका अनुसार कार्य गर्ने निर्माण व्यवसायी तथा उपभोक्ता समितिहरुको भुक्तानी समयमा नै गरी प्रोत्साहन समेत गर्नु पर्दछ।

८. जाजरकोट जिल्ला विपदको जोखिममा रहेको हुँदा गुणस्तरीय विपद पूर्व तयारी तथा प्रतिकार्य योजना तयार गरी सबै सरोकारवाला निकायहरुको साझा पहलमा योजनाको प्रभावकारी कार्यान्वयन गर्दै विपदको शीघ्र व्यवस्थापन हुनु पर्दछ।

९. जाजरकोट जिल्लामा संवत २०८० कार्तिक १७ गते भूकम्प गएको ९ महिनामभन्दा बढि समय व्यतित भइसकेको भए पनि क्षति भएका निजी तथा सरकारी भवनहरुको हालसम्म पनि पुनर्निर्माण हुन नसकेको हुँदा शीघ्र पुनर्निर्माण प्रारम्भ गर्नु अत्यावस्यक छ।

१०. स्थानीय तहहरुबाट सञ्चालन हुने आयोजनाहरु दोश्रो चौमासिकपछि मात्र सम्झौता हुने, उपभोक्ता समितिहरुले तेश्रो चौमासिकमा मात्र कार्य गर्ने र आर्थिक वर्षको अन्तमा मात्र भुक्तानी माग गर्ने हुनाले स्थानीय तहहरुले अनुगमन बिना नै भुक्तानी गर्ने अभ्यास रहेको हुँदा समयमा नै सम्झौता, कार्यान्वयन गरी निरिक्षण, अनुगमन तथा मूल्याङ्कन गरेर मात्र भुक्तानी हुने व्यवस्था गर्नु पर्दछ।

# अध्याय तीनः सिकाई, समस्या र सुझावहरु

## ३.१ जिल्ला समन्वय समितिका सिकाईहरु

नेपालको संविधान र कानून अनुसार जिल्ला समन्वय समितिलाई तोकिएका जिम्मेवारीहरु निर्वाह गर्ने क्रममा जिल्ला समन्वय समितिलाई भएका सिकाईहरु निम्नानुसार रहेका छन्-

१. जिल्लामा विकास निर्माण गर्ने र सेवा प्रवाह गर्ने कार्यालयहरु मात्र भएर पुग्दैन। अन्य कार्यालयहरुले गर्ने विकास निर्माण र सेवा प्रवाह सम्बन्धी कार्यको अनुगमन तथा मूल्याङ्कन गरी विकास तथा सेवा प्रवाहमा देखिएका समस्याहरु, समस्या समाधानका उपायहरु बारेमा छलफल गर्ने संरचना समेतको जिल्लामा आवस्यकता हुने भएकोले नेपालको संविधानले गरेको जिल्ला समन्वय समितिको व्यवस्था उपयुक्त छ। जिल्ला सभा र जिल्ला समन्वय समितिलाई केही संरचनागत सुधार गर्दै अधिकार, मानवीय भौतिक र आर्थिक श्रोतले सम्पन्न बनाउनु आवस्यक छ।

२. तहगत सरकारका निकायहरुबाट जिल्लामा कार्यान्वयन भइरहेका कार्यक्रम तथा आयोजनाहरुको वारेमा स्थलगत जानकारी प्राप्त गर्ने अवसर प्राप्त भएको छ, जसले गर्दा जनताको आवस्यकता र आवस्यकता पूर्तिको लागि भएका सरकारी पहलहरुवीचको सन्तुलनको वारेमा केही जानकारी हासिल भएको छ।

३. जिल्लामा हुने विकास निर्माणको कार्यहरु र सेवा प्रवाहको जिल्ला समन्वय समितिबाट अनुगमन तथा मूल्याङ्कन हुँदा कार्यान्वयन तथा सेवा प्रवाह निकायहरुलाई समयमा नै गुणस्तरीय निर्माण कार्य गर्न र सेवा प्रवाह गर्न नैतिक तथा कानूनी दवाव सृजना भएको महसूस भएको छ।

४. अनुगमन तथा मूल्याङ्कन गर्ने निकायहरुलाई अनुगमन तथा मूल्याङ्कको जिम्मेवारी मात्र दिएर जिम्मेवारीको प्रभावकारी सम्पादन हुन सक्दो रहेनछ, जिम्मेवारीको साथ साथै श्रोत साधन र कारवाहीको अधिकार समेत आवस्यक पर्दो रहेछ। अधिकार र श्रोत साधन बिनाको जिम्मेवारी लङ्गडो हुँदो रहेछ।

५. जिल्लाको विभिन्न स्थानहरुको अनुगमन तथा मूल्याङ्कनबाट जिल्लाको सन्तुलित विकासको लागि आगामी दिनमा कुन स्थानमा के कस्तो कार्यक्रम तथा आयोजना आवस्यक रहेछ भन्ने केही जानकारी प्राप्त भएको छ।

## ३.२ जिल्ला समन्वय समितिका समस्याहरु

नेपालको संविधानमा नै गठन तथा काम, कर्तव्यको उल्लेख गरी स्थापना भएको जिल्ला सभा तथा समन्वय समितिको स्थापना भएको छ। संविधान र कानूनमा जिल्ला सभाको जिम्मेवारीहरु मात्र उल्लेख भएको, जिम्वारी पुरा गर्न पर्याप्त श्रोत र अधिकार उपलब्ध नगराइएको, जिल्ला समन्वय समितिको प्रतिवेदन र सुझावहरु कसरी कार्यान्वयन हुन्छ र कार्यान्वयन नभएमा उपचार के हुन्छ भन्ने विषयहरु स्पष्ट नभएको हुँदा जिल्ला सभा तथा

जिल्ला समन्वय समितिहरु जन्मैदेखि कमजोर र अपाहिचको समस्याबाट ग्रसित हुँदै आएका छन्। जाजरकोट जिल्ला सभा र जिल्ला समन्वय समितिको विद्यमान समस्याहरु तलको बुँदाहरुमा उल्लेख गरिएका छन्-

१. संविधान र कानूनमा जिल्ला सभालाई जिल्लाभित्र हुने विकास निर्माण तथा सेवा प्रवाहको अनुगमन तथा मूल्याङ्कन गर्ने जिम्मेवारी तोकिएको भएता पनि आवस्यक श्रोत र अनुगमनको क्रममा बदनियत देखिए कारवाही गर्ने अधिकार उल्लेख नभएकोले जिल्ला समन्वय समितिबाट यस जिम्मेवारी प्रभावकारी रुपमा निर्वाह गर्न सकिएको छैन।

२. नेपाल सरकारको प्रशासन सेवाको राजपत्रांकित द्वितीय श्रेणी उपसचिवको नेतृत्वमा १२ जना कर्मचारी सहितको समन्वय समितिको कार्यालय रहेको भएता पनि अधिकृत कर्मचारीहरुको प्राथमिकतामा यस कार्यालय नपर्ने, इन्जिनियरिङ सेवाका प्राविधिक कर्मचारीको पद सँधै रिक्त रहने जस्ता कारणले सभा, समिति र कार्यालयबाट तोकिएको जिम्मेवारी प्रभावकारी रुपमा सम्पादन हुन सकेको छैन।

३. इन्जिनियर र सव इन्जिनियरको पद सँधै रिक्त हुनाले पूर्वाधार आयोजनाहरुको परिमाण तथा गुणस्तर परिक्षण गर्दै प्राविधिक निरिक्षण तथा अनुगमन हुन सकेको छैन। प्रशासनिक कर्मचारी र पदाधिकारीबाट हुने अनुगमनबाट प्राविधिक आँखाले निरिक्षण तथा अनुगमन गर्न सकिएको छैन।

४. स्थानीय तहको स्वमूल्याङ्कन, वित्तिय जोखिम मूल्याङ्कन, अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कम्प्युटर प्रणाली समिति तथा कार्यालयले समेत प्रयोग गर्नुपर्ने व्यवस्था गरिएको छ। तर कार्यालयमा सूचना प्रविधि सम्बन्धी जनशक्तिको अभावमा यस्ता प्रणालीहरु प्रयोग गर्ने, कार्यालयको Website अद्यावधिक गर्ने कार्यहरु समेत गर्न सकिएका छैनन।

५. साविक जिल्ला विकास समितिको कार्यालय रहेको ५ वटा र भवनहरुमा समन्वय समितिको कार्यालय, कर्मचारी तथा पदाधिकारी आवास र पुरातत्व विभागको स्वामित्वमा रहेको रातो दरवारमा जिल्ला समन्वय समितिका पदाधिकरीहरुको कार्यकक्ष रहेको थियो। ती भवनहरु एकातर्फ आफै पनि पुराना भइसकेका थिए। अर्कोतर्फ संवत २०८० कार्तिक १७ को भूकम्पबाट ६ मध्ये ५ वटा भवनहरु प्रयोग गर्न नमिल्नेगरी क्षति भएकोले हाल ६ कोठा भएको एउटा मात्र भवनमा कार्यालय, पदाधिकारी तथा कर्मचारी निवास रहेको हुँदा भवन अभावमा दैनिक कार्य सञ्चालनमा समेत कठिनाइ भएको छ। जिल्ला समन्वय समितिमा रहेका कोष प्रयोगमा अंकुश लगाइएको छ, सामान्य मर्मत संभारको लागि समेत कार्यालयमा रकम उपलब्ध गराइएको छैन, विकास साझेदारहरुबाट प्रभावशाली कार्यालयहरुमा मात्र अस्थायी कार्यालय निर्माण भएको छ।

६. साविक जिल्ला विकास समितिको कार्यालयमा रहेका मेशिनरी औजार र फर्निचर नै समिति र कार्यालयले प्रयोग गर्दै आएको छ। कम्प्युटर लगायतका मेशिनरी औजारहरु पुराना भएका, मर्मत गरेर समेत सञ्चालन गर्न सकिने हालतमा नरहेकोले लिलाम विक्री गर्नुपर्ने अवस्थामा रहेका छन। उपलब्ध मेशिन तथा औजार चालु हालतमा नरहेका र नयाँ खरिदको लागि कुनै पनि पूँजिगत शीर्षकमा वजेट उपलब्ध नगराइनाले मेशिनरी औजार प्रयोग गरी सम्पादन गर्नुपर्ने दैनिक कार्य सम्पादन गर्न कठिनाइ भइरहेको छ।

७. साविक जिल्ला विकास समितिको कार्यालयमा रहेका सबै हलुका सवारी साधनहरु पालिका तथा अन्य निकायहरुलाई हस्तान्तरण गरिसकिएकोले समन्वय समितिमा कुनै पनि हलुका सवारी साधन नभएको

अवस्थामा संवत २०७९ मा निर्वाचन आयोगबाट कार्यालयलाई १ थान स्कर्पियो पीकअप जीप हस्तान्तरण भएको छ। यो साधन कार्यक्रम तथा आयोजना निरिक्षण तथा अनुगमनको सिलसिलामा जिल्लाको सबै स्थानमा पुग्न नसक्ने, पार्टहरु विग्रिएर मर्मत तथा सञ्चालन खर्च अत्यधिक आउने कारण समन्वय समितिको अनुगमन तथा मूल्याङ्कन क्षमता र सम्भावनामा संकुचन आएको छ।

८. संविधान र कानूनमा अन्तर तह तथा अन्तर निकाय समन्वयको जिम्मेवारी समेत जिल्ला सभालाई तोकिएको छ। अनुगमन तथा मूल्याङ्कन, विविध कार्यक्रमको सिलसिलामा जिल्लास्थित स्थानीय तह तथा निकायहरुसँग विवरण माग गर्दा वा समन्वय, कार्यगत साझेदारीको लागि अनुरोध हुँदा स्थानीय तह तथा निकायहरुबाट उपयुक्त महत्व नदिने, माग गरिएको विवरण उपलब्ध नगराउने वा समयमा उपलब्ध नगराउने, कार्यक्रम तथा आयोजनास्थलमा सम्पर्क वा प्राविधिक कर्मचारी पठाई अनुगमनमा सहयोग नगर्ने जस्ता समस्या समिति र कार्यालयले झेल्नु परिरहेको छ।

९. समन्वय समितिका सदस्यहरुलाई अत्यन्त न्यून सुविधा उपलब्ध गराइएको हुँदा उपलब्ध सुविधा समितिको वैठकमा आउन जान समेत अपर्याप्त रहेको अवस्था, सदस्यहरुमा अनुगमन तथा मूल्याङ्कन सम्बन्धी प्रशासनिक तथा प्राविधिक ज्ञानको कमीको कारण सदस्यहरुबाट आफूले प्रतिनिधित्व गरेको क्षेत्रको कार्यक्रम तथा आयोजनाहरुको स्थलगत निरिक्षण तथा अनुगमन हुन सकेको छैन।

१०. नेपालको संविधानको धारा ५६ को उपधारा (४) अनुसार जिल्ला सभालाई स्थानीय तहको रुपमा स्वीकार गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९२ को उपदफा (३) अनुसार आफ्नो क्षेत्राधिकारको विषयमा कार्यक्रम तथा वजेट बनाएर जिल्ला सभाबाट स्वीकृत गराइ लागू गराउने अधिकार जिल्ला सभालाई रहेको छ। यस अनुसार नेपाल सरकार र प्रदेश सरकारले जिल्ला समन्वय समितिलाई नि:शर्त अनुदान स्वरुप वजेट उपलब्ध गराउनु पर्नेमा आंशिक रुपमा आफैले विभाजन गरी वजेट पठाउने गरिएको हुँदा एकातर्फ जिल्ला सभाको कानूनी अधिकारमा अंकुश लागेको छ भने अर्कोतर्फ सभा, समिति र कार्यालयको आवस्यकता र प्राथमिकता अनुकूल कार्यक्रम तथा वजेट तर्जुमा हुन सकेको छैन।

११. नेपालको संविधानको धारा २२० को उपधारा (२) अनुसार जिल्ला सभामा जिल्लाभित्रका गाउँ कार्यपालिकाका अध्यक्ष र उपध्यक्ष तथा नगरकार्यपालिकाका प्रमुख र उपप्रमुख सदस्य रहने व्यवस्था गरिएको छ। अर्कोतर्फ गाउँ र नगर कार्यपालिकाको कार्यहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने जिम्मेवारी सोही संविधान र स्थानीय सरकार सञ्चालन २०७४ अनुसार जिल्ला सभालाई तोकिएको छ। संविधान र कानुनको यस प्रकारको व्यवस्था अनुसार आफुले गरेको कार्यको अनुगमन आफैले गर्दा अनुगमन तथा मूल्याङ्कन प्रभावकारी हुन सक्दैन।

१२. नेपालको संविधानको धारा २२० को उपधारा (४) अनुसार गाउँ सभा र नगर सभाका सदस्यहरुमध्येबाट निर्वाचित भएका पदाधिकारीबाट जिल्ला समन्वय समिति गठन हुने व्यवस्था छ। यसरी निर्वाचित हुने अधिकांश पदाधिकारी वडा सदस्यमा निर्वाचित वा मनोनयन भएका व्यक्ति हुने र जिल्ला समन्वय समितिको सदस्यहरुको मर्यादाक्रम समेत नतोकिएको हुँदा पालिकाका पदाधिकारीहरुले समन्वय समितिका सदस्यहरुलाई अनादर गर्ने, अनुगमनको लागि पालिकाबाट माग गरेको विवरण उपलब्ध नगराउने, स्थानीय विकास समस्या छलफलमा सदस्यहरुलाई सहभागी नगराउने जस्ता समस्या देखिएका छन्।

## ३.३ समस्या समाधानको लागि केही सुझावहरु

जिल्ला सभा, जिल्ला समन्वय समिति र समितिको कार्यालयको विद्यमान समस्या समाधान गर्न तल उल्लेखित केही सुझावहरु प्रस्तुत गरिएका छन्

१. संविधान र कानून अनुसार जिल्ला सभालाई दिइएको जिम्मेवारी प्रभावकारी रुपमा सम्पादन गर्न पर्याप्त श्रोत साधन र अधिकार उपलब्ध गराउनु पर्छ। जिल्ला सभाले नेपाल सरकार र प्रदेश सरकार समक्ष पेश गरेको प्रतिवेदन कार्यान्वयनको सुनिश्चित गरिनु पर्दछ। समन्वय समितिबाट हुने अनुगमनको सिलसिलामा वदनियत देखिएमा, गुणस्तरहीन कार्य गरेको देखिएमा, श्रोत साधनको दुरुपयोग भएको देखिएमा, सेवा प्रवाहमा लापरवाही भएको देखिएमा कुनै हदसम्मको कारवाही गर्ने अधिकार जिल्ला सभा तथा समन्वय समितिलाई उपलब्ध गराइएमा मात्र अनुगमन तथा मूल्याङ्कन प्रभावकारी हुन सक्छ।

२. सभा तथा समितिको जिम्मेवारीहरु प्रभावकारी सम्पादन गर्न, निर्माण भएका विकास पूर्वाधारहरुको परिमाण तथा गुणस्तर प्राविधिक रुपमा अनुगमन तथा मूल्याङ्कन गर्न समितिको कार्यालयमा रहेका प्रशासनिक तथा प्राविधिक दरवन्दी अनुसारका कर्मचारी खटाउनु आवस्यक छ। कार्यालयमा एक जना सूचना प्रविधि सम्बन्धी जनशक्तिको नितान्त आवस्यकता रहेको छ। सरकारको आर्थिक दायित्व कम गर्न प्रशासन सेवाको अधिकृत पद कटौती गर्न सकिने देखिन्छ।

३. सहज रुपमा समिति र समितिको कार्यालय सञ्चालनको लागि कार्यकक्ष तथा भवन अभाव हुन नदिन भूकम्पबाट क्षति भएका भवनहरु भत्काई कम्तीमा २ वटा भवनहरु १ वटा सभा हल निर्माण गर्न अत्यन्त जरुरी छ।

४. समितिका पदाधिकरी तथा कर्मचारीबाट जिल्लाभित्र निर्माण हुने पूर्वाधारहरुको स्थलगत निरिक्षण तथा अनुगमन गर्नको लागि बाटोको पहुँच भएको सबै स्थानमा जान सक्ने एक हलुका सवारी साधन उपलब्ध गराउनु पर्दछ।

५. अन्तरतह तथा अन्तरनिकाय समन्वय, अनुगमन तथा मूल्याङ्कनको लागि समिति र कार्यालयले माग गरेको विवरण, सहयोग सबै निकायले उपलब्ध गराउनु पर्दछ।

६. जिल्ला समन्वय समितिका सदस्यहरुको हैसियत सम्मानजनक नभएको, उपलब्ध गराइएको सुविधामा न्यून भएकोले मर्यादाक्रममा सदस्यहरुको समेत स्थान तोकिनु पर्दछ र उनीहरुलाई वैठकमा आउन जान यातायात खर्चका साथै सम्मानजनक सुविधा उपलब्ध गराइनु पर्दछ।

७. समन्वय समितिका पदिधकारीहरुलाई अनुगमन तथा मूल्याङ्कन सम्बन्धी प्रशासनिक तथा प्राविधिक दक्षता वृद्धि गर्न तालिम तथा क्षमता विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्नु पर्दछ।

८. नेपाल सरकार र कर्णाली प्रदेश सरकारले जिल्ला समन्वय समितिलाई वजेट उपलब्ध गराउँदा शीर्षक तोकी निःशर्त अनुदान उपलब्ध गराउनु पर्दछ र उक्त अनुदानलाई जिल्ला सभाले आफ्नो आवस्यकता अनुसार शीर्षकगत विभाजन गरी खर्च गर्न पाउनु पर्दछ।

९. जिल्ला समन्वय समितिबाट गाउँ तथा नगर कार्यपालिकाहरुको कार्यहरु प्रभावकारी अनुगमन गर्नको लागि जिल्ला सभालाई गाउँ तथा नगर कार्यपालिकाहरुको प्रमुख र उपप्रमुखबाट अलग गरी आफुले गरेको कार्यहरुको अनुगमन तथा मूल्याङ्कन आफैले गर्ने हालको कानूनी व्यवस्था परिमार्जन गर्नु पर्दछ।

अनुसूची १

## जिल्ला समन्वय समितिका पदाधिकारीहरुको विवरण

| क्र.सं. | नाम | स्थायी ठेगाना | पद | सम्पर्क नंवर |
|---|---|---|---|---|
| १ | काली बहादुर खत्री | छेडागाड न.पा.-११, जाजरकोट | प्रमुख | ९८४२६६४५३६ |
| २ | दल बहादुर सिंह | वारेकोट गा.पा.-४, जाजरकोट | उपप्रमुख | ९८६८०७५०६५ |
| ३ | खड्ग बहादुर वुढा | छेडागाड न.पा.-८, जाजरकोट | सदस्य | ९८५११७८२१५ |
| ४ | चित्र प्रसाद शर्मा | नलगाड न.पा.-४, जाजरकोट | सदस्य | ५८५८०२२२१३ |
| ५ | जित बहादुर रोकाय | कुशे गा.पा.-९, जाजरकोट | सदस्य | ९८६८९२५०५४ |
| ६ | विन्दर शाही | भेरी न.पा.-३, जाजरकोट | सदस्य | ९८६७३६२०९२ |
| ७ | पानसा सिंह | वारेकोट गा.पा.-५, जाजरकोट | सदस्य | ९८४३२९६५९२ |
| ८ | नन्दकला वि.क. | भेरी न.पा.-२, जाजरकोट | सदस्य | ९७४९८७६९०४ |
| ९ | विनिता नेपाली | कुशे गा.पा.-८, जाजरकोट | सदस्य | ९८६४८६३१०८ |

अनुसूची २

## स्वीकृत दरबन्दी र कार्यरत कर्मचारीहरुको विवरण

| क्र.सं. | नाम | पद | स्थायी ठेगाना | सम्पर्क नंवर |
|---|---|---|---|---|
| १ | बुद्धि बहादुर खत्री | जिल्ला समन्वय अधिकारी | कोहलपुर न.पा.-५, बाँके | ९८५८०६२२८७ |
| २ | रिक्त | शाखा अधिकृत | | |
| ३ | रिक्त | इन्जिनियर | | |
| ४ | रिक्त | नायब सुब्बा | | |
| ५ | खेम बहादुर थापा | लेखा सहायक | भैरवी गा.पा.-१, दैलेख | ९८४८२२५९७८ |
| ६ | रिक्त | सव इन्जिनियर | | |
| ७ | खड्का बहादुर बुढा | खरिदार | छेडागाड न.पा.-२, जाजरकोट | ९७४५५०४६६० |
| ८ | दिपेन्द्र बहादुर बुढा | हलुका सवारी चालक | छेडागाड न.पा.-२, जाजरकोट | ९८६३१७२७८५ |
| ९ | रिक्त | हलुका सवारी चालक | | |
| १० | शान्त बहादुर वस्नेत | कार्यालय सहयोगी | भेरी न.पा.-१, जाजरकोट | ९८४८०६४६३५ |
| ११ | मोहनीदेवी डाँगी | कार्यालय सहयोगी | | |
| १२ | लोकेन्द्र बहादुर कार्की | कार्यालय सहयोगी | भेरी न.पा.-३, जाजरकोट | ९८६४३५०६८८ |

अनुसूची ३

## निरिक्षण तथा अनुगमनका क्रममा खिचिएका केही तस्वीरहरु



रास्रो निर्माण भएको देखिएको कुशे गाउँपालिका वार्ड नं. ८ को जुगेमुलदेखि सेराखेत सिंचाई आयोजना



कृषि क्षेत्र विकास कार्यक्रम अन्तरगत प्राप्त अनुदान तथा प्राविधिक सहयोगबाट सन्तुष्ट देखिएका शिवालय गाउँपालिका वार्ड नं. २ का जनचेतना कृषक समूहका सदस्यहरुसँग भेटघाट र छलफल



कृषि अनुदानको उपयुक्त परिचालनबाट राम्रो तरकारी उत्पादन र आम्दानी प्राप्त गर्न सफल भेरी नगरपालिका वार्ड नं. ११ को भेरी कास्तरा कृषक समूह



बाख्राको लागि बनाइएको खोरमा घाँस, पराल र मानिसको वास



रामो निर्माण कार्य हुँदै गरेको छेडागाड नगरपालिका वार्ड नं. १०, नल्फुको अन्नपूर्ण आधारभूत विद्यालयको कम्पाउण्ड वाल



निर्माण सम्पन्न भएको कुशे गाउँपालिका वार्ड नं. ६ स्थित दिपेन्द्र मा.वि. घरङ्गा। भवन निर्माण गर्ने जमीन बनाउन जंगल सहितको पहाड काट्न ठूलो रकम खर्च गरिएको छ




कर्णाली प्रदेश सरकार, सामाजिक विकास कार्यालय, जाजरकोटबाट आ.व. २०७८/७९ मा निर्माण प्रारम्भ भई अधुरै रहेको छेडागाड नगरपालिका वार्ड नं. १ को इन्द्रज्योति आधारभूत विद्यालय भवन



छेडागाड नगरपालिका वार्ड नं. ८, डाँडागाउँ स्थित शिव आ.वि. भवन निर्माणको लागि जग्गा निकाल्न सडकदेखि लगाइएको Protection Wall



आर्थिक वर्ष २०७९/०८० मा ट्रयाक खोलिएको अत्यधिक भिरालो छेडागाड नगरपालिका वार्ड नं. ८ स्थित पहुँजा घोघी-डाँडागाउँ सडक



अघिल्लो वर्ष ट्रयाक खोलिएको सडक अत्यधिक भिरालो भएको कारण सवारी साधन नचढेपछि आर्थिक वर्ष २०८०/०८१ मा पुन: नयाँ ट्रयाक खोलिएको पहुँजा घोघी-डाँडागाउँ सडक



सबै समय रोजगारीका लागि भारत बसी दशैंमा मात्र घर आउने ५-६ घरका लागि बनाइएको शिवालय गाउँपालिका वार्ड नं. ४ को जाम्ना-काँडाचौर औद्योगिक सडक



निर्माणाधीन पाँचकाटिया-पाटेखोला सडकको निर्माण हुँदै गरेको Protection Wall



सडकमा घर परेको कारण निर्माण तथा विस्तार कार्य अवरुद्ध भएका जुनीचाँदे गाउँपालिका स्थित सडकहरु



नलगाड नगरपालिका वार्ड नं. ३ मा निर्माणाधीन कैना पुल



शिवालय गाउँपालिका वार्ड नं. ३, मा लाडागाडे डाँडागैरा साना सिंचाई आयोजना छ तर पानी छैन



कर्णाली प्रदेश सरकारको जनता आवास कार्यक्रम अन्तरगत छेडागाड नगरपालिका वार्ड नं. ११ मा निर्माणाधीन विपन्न घर। छेउको तयारी घर पनि विपन्नकै हो।



भेरी नगरपालिका वार्ड नं. ११ को लामितारा स्थित भेरी नदिको किनारमा मेशिनबाट खाल्डो पारी ढुङ्गा, गिट्टी, वालुवा उत्खनन गरिएको स्थानको निरिक्षण तथा अनुगमन गर्दै जिल्ला समन्वय समितिका प्रमुख श्री काली बहादुर खत्री, प्रमुख जिल्ला अधिकारी श्री ऋषिराज आचार्य र प्रहरी नायव उपरिक्षक श्री पुरुषोत्तम प्रसाद पाण्डे






भूकम्पको कारण घर क्षति भएका घरधनीहरुको लागि बनाइएको अस्थायी आवासको प्रयोग